# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६५ | काठमाडौं | शुक्रबार, १८ असोज २०८१ | Prabhab National Daily | Friday, October 04, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# दसैंमा वर्षा रोकिएला ?



**काठमाडौंको थानकोटबाट चित्लाङ हुँदै हेटौंडा पुग्ने चित्लाङ-चन्द्रागिरी-थानकोट सडकखण्ड (गणेशमान सिंह राजमार्ग)मा देखिएको सवारी साधनको चाप ।** *तस्बिर: श्रवण बलामी*

■ **जेबी योञ्जन**

**काठमाडौं-** बिहीबारदेखि दसैं सुरु भएको छ । तर मौसम नसुध्रिँदा दसैं मान्न घर जानेहरू चिन्तामा परेका छन् । नेपालमा वर्षा गराउने मनसुन प्रणाली भित्रिएको गत २८ जेठमा हो । यसअघि मौसमविद्हरूले बुधबारसम्म मौसम बाहिरिने अनुमान गरेका थिए । तर अझै पनि वर्षा हुने सम्भावना कायमै छ ।

विभिन्न स्थानमा सडक अवरुद्ध भएका छन् भने वर्षा जारी रहे यात्राकै क्रममा पहिरोले सवारी साधन नै पुर्ने जोखिम मोल्नुपर्ने हुन्छ । यस्तो अवस्थामा यात्रीहरूले कस्तो पूर्वतयारी गर्ने ? मौसमको अवस्था के हुन्छ ? सर्वसाधारणले हरेक दिन यसखाले जिज्ञासा राख्ने गरेका छन् । मौसमविद्हरूले भने यसबारे केही किटान गर्न सकेका छैनन् । शनिबारसम्म वर्षा हुने अनुमान गरिए पनि त्यसपछि मनसुन बाहिरिन्छ नै भन्नेमा उनीहरू पनि प्रष्ट छैनन् ।

भारतका कतिपय राज्यहरूले मनसुन बाहिरिने दिन किटान गर्दै आएका छन् । नेपाली मौसम अधिकारीहरूका अनुसार भने अझै त्यसबारे प्रस्ट भन्ने बेला भइसकेको छैन । जल तथा मौसम पूर्वानुमान महाशाखाकी सूचना अधिकारी विभूती पोखरेलले मनसुन प्रणाली लम्बिएको र बाहिरिने दिन अनुमान गर्न नसकिएको बताएकी छिन् ।

'शनिबारसम्म मौसम प्रणाली सक्रिय हुने र वर्षा हुने सम्भावना छ', उनले प्रभावसँग भनिन्, 'तर, कहिले बाहिरिन्छ ? यसै भन्न सकिने अवस्था छैन ।' यसबीचमा पश्चिम नेपाल (गण्डकीदेखि पश्चिम)तिर मौसम सफा हुँदै गएको छ । यद्यपि, कोशी र बागमतीमा भने दसैंमा पनि वर्षाको सम्भावना रहेको सूचना अधिकारी पोखरेल बताउँछिन् । यस्तो अवस्थामा सुख्खा दसैंको सम्भावना बागमती र कोशीमा न्यून छ ।

देशको कोशी र बागमती प्रदेशमा शनिबारसम्म हल्का तथा मध्यम वर्षाको पूर्वानुमान भइरहेको छ । मौसम अधिकारीहरूले यही वर्षा प्रणाली ठूलो प्रभाव पार्ने खालको नभएको जनाएको छ । तर, हालैका दिनमा भएको विध्वंसकारी वर्षाको असर आलै रहेका कारण सजक रहनुपर्ने सुझाएका छन् ।

विभागका अनुसार आज शुक्रबार त कोशी र बागमती प्रदेशका एक दुई स्थानमा भारी वर्षासमेत हुनसक्ने सम्भावना छ । यद्यपि, अघिल्लोपटक जसरी प्रतिकार्य आवश्यक पर्न सक्ने गरी 'रेड अलर्ट' जारी गर्नुपर्ने खालको नभएको विभागकी सूचना अधिकारी पोखरेल बताउँछिन् ।

हालैको विध्वंसकारी वर्षाले बिहीबारसम्म २३६ जनाको मृत्यु भइसकेको छ । १९ जनाको अवस्था अझै अज्ञात छ । वर्षाका कारण सडक संरचनामा पुगेको क्षतिलाई पुनर्निर्माण गर्न २५ अर्ब बढी चाहिने पनि विपद् प्राधिकरणको अनुमान छ । अब आजदेखिको वर्षाले सडक, पुललगायत संरचनासँगै मानवीय क्षति कति गर्छ ? भन्न सकिने अवस्था छैन ।

(**क्रमशः पृष्ठ २ मा**)

# बंगलादेश ४० मेगावाट बिजुली लैजान तयार

- हरेक असारबाट कात्तिकसम्म पाँच महिना निर्यात हुने विद्युतको मुल्य पाँच वर्षसम्म प्रतियुनिट ६.४ अमेरिकी सेन्ट तोकिएको छ
- ५ महिनामा १ लाख ४४ हजार मेगावाट आवर बिजुली निर्यात हुँदा नेपालले एक अर्ब २३ करोड आम्दानी गर्ने
- बंगलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ




■ **प्रभाव संवाददाता**

**काठमाडौं-** बंगलादेशले नेपालबाट ४० मेगावाट विद्युत् लैजाने भएको छ । भारत सहमत भएसँगै बुधबार यसबारे त्रिपक्षीय सम्झौता भएको हो । विद्युत कहिलेबाट पठाउने भन्ने विषयमा भने सम्झौतामा खुलाइएको छैन । नेपालको विद्युत प्रतियुनिट नौ रूपैयाँ ३० पैसामा किन्न बंगलादेश तयार भएको नेपाल विद्युत प्राधिरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए । 'विद्युत प्राधिकरणले भारतको मुजफ्फरपुर सबस्टेसनमामा ४० मेगावाट पावर पठाउनेछ,' सम्झौतापछि घिसिङले भने ।

हरेक असारबाट कात्तिकसम्म पाँच महिना निर्यात हुने विद्युतको मुल्य पाँच वर्षसम्म प्रतियुनिट ६.४ अमेरिकी सेन्ट तोकिएको छ । सम्झौतामा प्राधिकरणका घिसिङ, बंगलादेशको बंगलादेश पावर डेभलपमेन्ट बोर्डका अध्यक्ष मोहमद रिजाउल करिम र भारतको 'नोडल एजेन्सी' एनभिभिएनका प्रमुख कार्यकारी अधिकृत रेणु नाराङले हस्ताक्षर गरेका छन् ।

जसअनुसार ५ महिनामा १ लाख ४४ हजार मेगावाट आवर बिजुली निर्यात हुनेछ । प्रतियुनिट ६.४० अमेरिकी सेन्टका दरले ५ महिनामा ९२ लाख १६ हजार अमेरिकी डलर आम्दानी हुने प्राधिकरणले जनाएको छ । समारोहमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्का, बंगलादेशको वन, वातावरण, जलवायु परिवर्तन तथा जलस्रोतमन्त्री सैयदा रिजवाना हसनको उपस्थितिमा थियो । यस्तै, सो अवसरमा दुवै देशका उच्च सरकारी अधिकारीको समेत उपस्थिती थियो ।

## कसरी पुग्दैछ नेपाली विद्युत बंगलादेश ?

प्राधिकरणले भारतीय एजेन्सी एनभिभिएनलाई बिजुली उपलब्ध गराउनेछ । उक्त कम्पनीले भारतीय संरचना प्रयोग गरेर बिजुली बंगलादेश पुऱ्याउनेछ । नेपाल र भारतबीचको पहिलो अन्तरदेशीय प्रसारण लाइन हुँदै विद्युत् निर्यात गर्न लागिएको हो ।

कूल चार सय केभी क्षमताको उक्त प्रसारण लाइनमार्फत पठाइएको बिजुलीको हिसाब मुजफ्फरपुरमा राखिनेछ । मुजफ्फरपुरदेखि भारतको प्रसारण लाइनमार्फत (बेहरामपुर-भेडामारा चार सय केभी ) बिजुली बंगलादेश पुग्नेछ । प्राधिकरणले २५ मेगावाट क्षमताको त्रिशूली र २२ मेगावाट क्षमताको चिलिमे जलविद्युत् आयोजनाको बिजुली बंगलादेश निर्यात गर्ने तयारी गरेको छ । ती दुवै आयोजनाको बिजुली भारत निर्यातका लागि स्वीकृति पाइसकेकाले पनि सहज भएको बताइन्छ ।

'टोकन' कै रूपमा भएपनि नेपालको बिजुली बंगलादेश पुग्नु ऊर्जा क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । बुधबार मात्रै दुई देशका उच्च अधिकारीबीच विद्युत् खरिद बिक्री सम्झौतामा हस्ताक्षर गर्ने सहमति भएको थियो । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव एवं प्रवक्ता चिरञ्जीवी चटौतका अनुसार, दुई देशका सचिवस्तरीय संयन्त्रको निर्णयानुसार सम्झौतामा हस्ताक्षर भएको हो । केही दिनभित्रै प्राधिकरणले बंगलादेश बिजुली निर्यात सुरु गर्ने जनाइएको छ ।

बंगलादेशमा भएको राजनीतिक परिवर्तनका कारण पछाडि सरेको विद्युत् व्यापार सम्झौताका विषयमा पछिल्ला दिनमा सघन छलफल हुँदै आएको थियो । यसैबचिमा दुई देशका ऊर्जा सचिस्तरीय संयुक्त निर्देशक समितिको बुधबार मात्रै सम्पन्न भयो । सो बैठकमा नेपालको तर्फबाट ऊर्जासचिव सुरेश आचार्य र जनगणतान्त्रिक बंगलादेश सरकारका तर्फबाट विद्युत्, ऊर्जा तथा खनिज मन्त्रालयका वरिष्ठ सचिव मोहम्मद हबिवुर रहमानको सहअध्यक्षता थियो ।

(**क्रमशः पृष्ठ २ मा**)

**सन्दर्भ: वैदेशिक रोजगार**

## इजरायल-लेबनान द्वन्द्व

# सतर्क रहन परराष्ट्रको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** इजरायल-लेबनान द्वन्द्व चर्किएसँगै त्यहाँ रहेका नेपालीलाई सुरक्षा सतर्कता अपनाउन परराष्ट्र मन्त्रालयले आग्रह गरेको छ । इरान र लेबनानसँग आक्रोशित इजरायलले लेबनानमा कडा आक्रमण गरेपछि त्यहाँका नेपालीको सुरक्षा चुनौति बढेको भन्दै परराष्ट्रले सतर्कता अपनाउन आग्रह गरेको हो ।

इरानले मंगलबार अप्रत्यासित रूपमा इजरायली क्षेत्रमा १८० वटा रकेट आक्रमण गरेको थियो । त्यस्तै लेबनानमा हिजबुल्लाहविरुद्ध लडिरहेका आठ जना इजरायली सैनिकको पनि ज्यान गएको थियो । यसको बदलामा इजरायलले लेबनानमा आक्रमण गरेपछि त्रास फैलिएको छ । ती क्षेत्रमा नेपालीहरूलाई सुरक्षा सतर्कता अपनाएर मात्र बाहिर हिँडडुल गर्न भनिएको छ ।

मन्त्रालयले हालसम्म लेबनान तथा इजरायलमा भएका सबै नेपाली सुरक्षित रहेको जनाएको छ । अफ्ठ्यारोमा परेका वा सुरक्षा चुनौति भएका नेपालीलाई नेपाली राजदूतावास कायरो, अवैतनिक नेपाली वाणिज्यदूतावास बेरुतमा सम्पर्क राख्न पनि मन्त्रालयले सूचीत गरेको छ । यसको लागि कर्मचारीको नाम, सम्पर्क नम्बर र इमेल ठेगानासमेत सार्वजनिक गरिएको छ ।

यस्तै इजरायलस्थित नेपाली राजदूतावासले पनि त्यहाँ रहेका नेपालीलाई अत्यावश्यक कामबाहेक बाहिर ननिस्कन र तोकिएको सुरक्षा मापदण्ड पालना गर्न सचेत गराएको छ । हाल इजरायलमा ५ हजारको हाराहारीमा नेपाली रहेको बताइन्छ । जसमा पछिल्लो समय ११ सय भन्दा बढी केयर गिभरको रूपमा गएका छन् । इजरायल सरकारले हाईअलर्टमा राख्दै सम्भावित आक्रमणको सबैलाई म्यासेज पठाएकाले बाहिर हिड्नै परे सुरक्षा सतर्कता अपनाउन पनि दूतावासले आग्रह गरेको छ ।



**बिहीबार इजरायलले रकेट आक्रमण गरेपछि बेरुतको एक सहरमा देखिएको धुवाँको मुस्लो ।** *तस्बिर: एपी*

यसैगरी पछिल्लो समय भइरहेका द्वन्द्वका कारण सुरक्षा चुनौति बढेको भन्दै इजरायलको सुरक्षाको मापदण्ड अपनाएर सुरक्षित रहन गैर आवासीय संघ (एनआरएनए एनसीसी) इजरायलले अपिल गरेको छ । 'इजरायल सरकारले जारी गरेको हरेक सुचनाहरूको ख्याल राखौं, सकेसम्म अनाबश्यक काममा बाहिर नहिंडौ, साइरन बज्दा सेल्टरमा जान अल्छी नगरौं, भिडियो बनाउने तथा बाहिर हिँड्दा मोबाइलमा बढी ब्यस्त हुने काम नगरौं । बस स्टेसन, रेलवे स्टेसन तथा बाहिर हिँड्ने क्रममा आफ्नो वरपर ख्याल गर्दै चनाखो भएर हिडौं,' एनआरएनए इजरायलले जारी गरेको अपिलमा उल्लेख गरिएको छ । लेबनानसँगै इरानबाटसमेत आक्रमण हुन थालेपछि अलिअलि त्रास देखिएको भन्दै आत्तिहाल्नुपर्ने अवस्था नरहेको एनआरएनए इजरायलका महासचिव अलि महम्मद मियाले बताए । तत्काल कुनै समस्या आइपरे दूतावास वा एनआरएनए इजरायलमा सम्पर्क गर्न पनि उनले आग्रह गरे ।

यस्तै हिजबुल्लाहविरुद्ध लेबनानी भूमिमै प्रवेश गरेर इजरायली सेनाले आक्रमण गर्न थालेपछि त्यहाँ कार्यरत नेपाली बढी नै त्रसित बनेका छन् । लेबनानमा करिब १२०० को हाराहारीमा नेपालीहरू रहेको बताइन्छ । जसमा आठसय जति नेपाली शान्ति सेना र बाँकी घरेलु कामदार रहेको अनुमान गरिएको इजिप्टको कायरोस्थित नेपाली राजदूतावासले जनाएको छ । अधिकांश नेपालीहरू लेबनानको द्वन्द्वग्रस्त क्षेत्रभन्दा टाढा रहेको भन्दै उनीहरूसँग निरन्तर कुराकानी गरिरहेको र सबैले सुरक्षित रहेको दूतावासका प्रथम सचिव दीपक घिमिरेले बताए ।

(**क्रमशः पृष्ठ २ मा**)




## पृष्ठ १ बाट क्रमशः

### बंगलादेश ४०...

यस्तै, दुई देशबीच सुनकोशी तेस्रो जलविद्युत् आयोजना (नेपाल, बंगलादेश र भारतबीच) सहकार्यपूर्ण सहभागिताका आधारमा विकास गर्ने र सो आयोजना विकास गर्ने सम्बन्धमा प्राधिकरण र बंगलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त कम्पनी स्थापना गर्नेसम्बन्धी संयुक्त उपक्रम सम्झौता आगामी सचिवस्तरीय संयन्त्रको बैठक अगावै टुंगो लगाउने सहमति भएको छ।

नेपाल र बंगलादेशबीच विद्युत् व्यापारका लागि प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनको प्राविधिक र आर्थिक पक्षको अध्ययन हुने भएको छ। नेपालको जलविद्युत् क्षेत्रमा लगानी प्रवर्द्धनका लागि बंगलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न आवश्यक पहल गरिनेछ। त्यस्तै नेपाल, बंगलादेश र भारतबीच विद्युत् व्यापार, अन्तरदेशीय प्रसारण लाइन निर्माणलगायत विद्युत् क्षेत्रमा सहकार्यका लागि द्विपक्षीय बैठकमा त्रिपक्षीय संयन्त्र बनाउन आ-आफ्नोतर्फबाट पहल गरिनेछ।

गत असारमा नै विद्युत् व्यापारसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्ने तयारी थियो। दुई देशका ऊर्जा सचिवस्तरीय बैठकका अवसरमा सम्झौताको तयारी गरिए पनि अन्तिममा स्थगित भएको थियो। बंगलादेशमा भएको राजनीतिक परिवर्तनका कारण नेपाल, भारत, बंगलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा सम्झौताको तयारी गरिए पनि अन्तिम समयमा आएर स्थगित भएको थियो।

पुनः दोस्रो पटक गत साउन १३ मा नेपाल, भारत र बंगलादेशका ऊर्जामन्त्रीको उपस्थितिमा त्रिपक्षीय सम्झौताको तयारी गरिएको थियो। यस्तै, नेपाल र बंगलादेशका ऊर्जा सचिवस्तरीय बैठकको समेत आयोजना गरिएको थियो। तत्कालीन समयमा बंगलादेशको राजनीतिक परिवर्तनले सो कार्यक्रम स्थगन हुन पुग्यो। बंगलादेशको अन्तरिम सरकारले पनि बिजुली लैजाने विषयमा सघन छलफल गरिरहेको र आवश्यक पहल भइरहेको थियो।

यस्तै, कुल छ सय ८० मेगावाटको सुनकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको निर्माण र विकासका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम सम्झौता हस्ताक्षरका लागि आवश्यक प्रक्रिया अगाडि बढेको छ।

सांकेतिक रूपमा नै भए पनि बंगलादेशमा बिजुली बिक्री हुनु नेपालको सफलताका रूपमा लिइएको छ। भारतपछि उपक्षेत्रीय रूपमा नेपालको बिजुली अन्यत्र पुग्नु आफैंमा महत्वपूर्ण हुने सरकारको बुझाइ छ। प्राधिकरणले भारतीय कम्पनी एनभिभीएनलाई बिजुली उपलब्ध गराउने छ। सोही कम्पनीले नेपाली बिजुली बंगलादेश पुर्‍याउने छ।

बंगलादेशले सन् २०४० सम्म नेपालबाट नौ हजार मेगावाट बिजुली लैजाने यसअघि नै घोषणा गरिसकेको छ। नेपाल र भारतबीच पनि १० वर्षमा १० हजार बिजुली निर्यात गर्नेसम्बन्धी दीर्घकालीन सम्झौता भइसकेको छ। दुई देशबीच ऊर्जा क्षेत्रमा सहकार्य गर्नेसम्बन्धी द्विपक्षीय समझदारीमा २०७५ सालमा नै हस्ताक्षर भइसकेको छ। सम्झौता अनुसार, प्राधिकरणले वर्षायाममा बिजुली बिक्री गरेर एक अर्ब २३ करोड रूपैयाँ बराबर आम्दानी हुने प्रक्षेपण गरेको छ।

बंगलादेशले भारतीय कम्पनी ग्रान्धी माल्लिकार्जुन राव (जिएमआर)ले निर्माण गर्न लागेको नौ सय मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट उत्पादन हुने पाँच सय मेगावाट बिजुली लैजान इच्छा व्यक्त गरेको छ। विद्युत् बिक्रीसम्बन्धी सम्झौताका विषयमा पटकपटक छलफल भए पनि अन्तिम निष्कर्ष भने निस्कन सकेको छैन।

यस्तै सुनकोशी तेस्रो जलविद्युत् आयोजना निर्माण र विकासका लागि प्राधिकरण र बंगलादेशको पावर डेभलपमेन्ट बोर्डबीच संयुक्त उपक्रम निर्माण गर्ने समझदारी २०८० जेठ २ गते सम्पन्न ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले गरिसकेको छ। सोही बैठकले दुई देशबीच विद्युत् व्यापारका लागि अन्तरदेशीय प्रसारण लाइनका सम्भाव्य विकल्पको अध्ययन गर्न प्राविधिक टोलीलाई निर्देशन दिने निर्णय गरेको थियो।

दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको पहिलो बैठक २०७५ मंसिर १७ र १८ मा काठमाडौंमा सम्पन्न भएको थियो। सोही बैठकमा नेपालको बिजुली बंगलादेश लैजान सहजीकरण गर्ने विषयमा प्रारम्भिक छलफल भएको थियो। त्यसअघि २०७५ साउन २५ गते तत्कालीन ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुन र बंगलादेशका विद्युत् ऊर्जा तथा खनिज स्रोत राज्यमन्त्री नसरुल हमिदबीच विद्युत् क्षेत्रमा द्विपक्षीय सहकार्य सुरुआत गर्ने प्रयोजनार्थ एक समझदारीमा हस्ताक्षर भएको थियो। सोही समझदारीपछि दुई देशका ऊर्जा सचिवस्तरीय संयन्त्रको बैठक नियमित बस्दै आएको छ। हाल प्राधिकरणले भारतलाई मात्रै बिजुली निर्यात गर्दै आएको छ।

● ● ●

### दसैंमा वर्षा...

सामान्य गतिमा भित्रिने र बाहिरिने अवस्थामा नेपालमा मनसुनको अवधि ११२ दिनको हो। यस आधारमा पनि बुधबारसम्ममा मनसुन पश्चिमतिर सक्रिय हुँदै बाहिरिने महाशाखाको यसअघि अनुमान थियो। तर, त्यस्तो भएन। हाल मौसम प्रणाली सक्रिय छ।

महाशाखाका अनुसार नेपालमा २०३६ सालमा सबैभन्दा कम अवधिको ७३ दिने मनसुन देखा परेको थियो। सबैभन्दा लामो अवधिको मनसुन भने २०६५ सालमा देखिएको थियो। त्यसबेला सर्वाधिक १३० दिनसम्म मनसुन सक्रिय भएको थियो। त्यसो त अघिल्ला केही वर्षको मनसुन बाहिरिने प्रणालीलाई हेर्दा औसत मितिभन्दा दुई हप्तासम्म ढिलागरी बाहिरिएको पनि देखिएको छ।

२०७० सालमा मनसुन कात्तिक २ गते बाहिरिएको थियो। पाँच वर्षअघि २०६५ मा पनि मनसुन कात्तिक १ गते मनसुन बाहिरिएको थियो। यसपटक पनि मनसुन बाहिरिन ढिला हुने त निश्चितै भइसक्यो, किनभने मनसुन बाहिरिने औसत मिति टरिसकेको छ। तर, पनि केही दिनअघिजस्तो लगातार र भीषण वर्षाको सम्भावना भने छैन। पानी पर्ने क्रम पनि क्रमशः घट्दै जाने महाशाखाले जनाएको छ।

हाल नेपालमा स्थानीय मनसुनी वायुको प्रभाव कायम छ भने भारतको मध्यप्रदेश र आसपासको क्षेत्रमा विकसित न्यून चापीय प्रणालीको समेत आंशिक प्रभाव छ। जसकारण मनसुन सक्रिय नै छ।

यस्तो अवस्थामा सकेसम्म छोटो यात्रा मात्रै गर्ने, लामो दुरीको यात्रा गर्दा आफ्नो यात्रा गर्ने क्षेत्रको मौसम पूर्वानुमान हेरेर यात्रा गर्ने र सतर्कता अपनाउनु उपयुक्त हुने विपद् प्राधिकरणले जनाएको छ। गत शुक्रबार र शनिबार परेको भीषण वर्षाका कारण धेरै ठाउँमा पहिरो गएको र जमिन ठाउँठाउँमा चिरा परेका कारण पहिरोको जोखिम बढेको छ। आज र भोलि (शनिबार)को पानीले चिरा परेको ठाउँमा पहिरो जाने सम्भावना बढाउने प्राधिकरणले जनाएको छ।

मौसमविद्का अनुसार नेपालमा मनसुन भित्रिने औसत मिति जेठ मसान्त र कात्तिक तेस्रो सातातिर हो। देशको पूर्वबाट प्रवेश गरेको मनुसन पश्चिम फैलिँदै जाने हुन्छ। तर, मनसुन बाहिरिँदा पूर्वबाटै बाहिरिन्छ।

● ● ●

### सतर्क रहन...

'हालसम्म कोही पनि प्रभावित भएको भन्ने जानकारी प्राप्त भएको छैन,' उनले भने, 'नेपालीहरूको सुरक्षा चुनौतीका सम्बन्धमा दूतावास र बेरुतस्थित अवैतानिक महावाणिज्यदूतले नजिकबाट नियालिरहेको छ।'

यसैगरी अवैतनिक नेपाली वाणिज्यदूतावास बेरुतले त्यहाँ रहेका नेपालीलाई कन्सुलर रजिस्टरमा दर्ता हुन आग्रह गरेको छ। लेबनानमा बसोबास गर्ने सम्पूर्ण नेपालीलाई वेबसाइटमार्फत रजिस्टरमा दर्ता हुने व्यवस्था मिलाइएको उल्लेख गरिएको छ। आपतकालीन अवस्थामा तत्कालै प्रभावकारी सहयोग तथा उद्धार गर्ने उद्देश्यले रजिस्टरमा दर्ताको लागि आग्रह गरिएको वाणिज्यदूतावासले जनाएको छ।

इजरायलले आक्रमण तिव्र बनाउँदै लान थालेपछि लेबनानको राजधानी बेरुत र दक्षिणी क्षेत्रको सीमा काटेर सिरिया जाने लेबनानीको संख्या बढिरहेको शरणार्थीसम्बन्धी राष्ट्रसंघीय नियोग (यूएनएचसीआर)ले जनाएको छ। नियोगका अनुसार इजरायली आक्रमणबाट ९० हजारभन्दा बढी नागरिक विस्थापित भएका छन्। गत वर्षको अक्टोबर ७ मा हमासले इजरायलमाथि अप्रत्यासित आक्रमण गरेपछि इजरायलले गाजामा व्यापक कारबाही सुरु गरेको थियो। त्यसपछि निरन्तर भइरहेको द्वन्द्वका कारण इजरायलले इरान र लेबनानमा नै हमास र हिजबुल्लाहका शिर्ष नेता तथा सैन्य अधिकारीहरूको हत्या गरेपछि अहिले युद्ध भइरहेको छ।

## बढीपहिरोमा परी सेनाका एक अधिकृतसहित तीनको निधन

**काठमाडौं (प्रस)–** केही दिनअघि परेको अविरल वर्षासँगैको बाढीपहिरोमा परेकाहरूको उद्धार गर्ने कर्तव्य पालनाको सिलसिलामा नेपाली सेनाका एक अधिकृतसहित तीन जनाको निधन भएको छ। प्रमुख सेनानी मिलन केसीको सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-४ मा पहिरोले पुरिएकाको उद्धारका क्रममा केही दिनअघि निधन भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

यसैगरी अमलदार नरेन्द्रबहादुर पाल र प्युठ शंकर चन्दको दोलखा बिगु गाउँपालिका-१ लामा बगरस्थित माथिल्लो तामाकोसी जलविद्युत् आयोजना सुरक्षार्थ तैनाथ रहेको अवस्थामा ज्यान गएको जनाइएको छ। वतन नखुलेका एक जना भूपू हवल्दारकोसमेत बाढीपहिरोमा परी निधन भएको जानकारी दिइएको छ। बाढीपहिरोबाट सेनाका केही ब्यारेकमा क्षति भएको जनाइएको छ। बाढीपहिरोका घटनालगत्तै नेपाली सेनाले प्रभावित क्षेत्रमा तत्कालै परिचालन भई खोजी, उद्धार र राहत सामग्री वितरण कार्यमा सक्रियताका साथ काम गर्दै आएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

## बाढीबाट ललितपुर–१ वडा कार्यालयमा ८० लाखको क्षति

**ललितपुर (प्रस)–** गत साता बागमती नदीमा आएको बाढीबाट ललितपुर महानगरपालिका-१ को वडा कार्यालयमा करिब ८० लाख रूपैयाँबराबरको क्षति भएको छ। ललितपुरको कुपण्डोलस्थित बागमती करिडोरमा रहेको वडा कार्यालयको तल्लो तलामा बाढी पस्दा स्वास्थ्य उपकरण, महत्त्वपूर्ण कागजातलगायत सामग्री नष्ट भएको वडाध्यक्ष निर्मल तण्डुकारले जानकारी दिए।

उनले भने, 'महानगरको जनस्वास्थ्य शाखाबाट वडामा आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गरेका थियौं। आधारभूत स्वास्थ्य केन्द्र तल्लो तलामा थियो। स्वास्थ्यका अत्याधुनिक उपकरणसहितका सामग्री डुबेका छन्, बाढीबाट करिब ८० लाख रूपैयाँबराबरको क्षति भएको छ।'

बाढीले अल्ट्रासाउण्ड, इसिजी तथा प्रयोगशालामा प्रयोग हुने महत्त्वपूर्ण उपकरण, छ वटा कम्प्युटर र केही औषधिलगायत सामग्रीमा क्षति भएको छ। वडाध्यक्षसहित जनप्रतिनिधि वडा कार्यालयको व्यवस्थापनमा जुटेका छन्।

कार्यालयको माथिल्लो तलाबाट सेवा प्रवाह गरिरहेको वडाध्यक्ष तण्डुकारले जानकारी दिए। कार्यालयको माथिल्लो तलामा क्षति कम भएकाले महत्त्वपूर्ण सेवा प्रवाह नरोकिएको उनले बताए। बाढीले स्वास्थ्य केन्द्र पूर्णरूपमा क्षति भएपछि आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न नसकिएको केन्द्रका अहेव नारायण साहले बताए।

## दसैंको बिदामा पनि सर्वोच्च अदालत खुल्ने

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालत दसैं पर्वका अवसरमा बिहीबारदेखि बिदा हुने भए पनि बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सुनुवाइ हुने जनाइएको छ। उक्त निवेदन सुनुवाइका लागि बिदाको समयमा बिहान ११ बजेदेखि ३ बजेसम्म खुला हुने भएको हो। सर्वोच्च अदालतको प्रशासनले जारी गरेको सूचनामा घटस्थापनादेखि कोजागत पूर्णिमासम्म अदालत बन्द रहने भए पनि बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा सुनुवाइका लागि अदालत खुला रहने उल्लेख छ।

न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम उक्त अवधिअन्तर्गत घटस्थापना, शनिबार र विजया दशमीका दिनबाहेक अन्य दिनमा बन्दी प्रत्यक्षकीकरणको रिट निवेदनमा सुनुवाइ हुने उल्लेख गरिएको हो।


**कर्मचारी आवश्यकता**

प्रथम पटक प्रकाशित मिति : २०८१-०६-१८

यस लिडर्स इन्टरनेशनल रिक्रुटमेन्ट एजेन्सी प्रा.लि. लाई कर्मचारी आवश्यकता परेका हुँदा योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | पद | संख्या | न्यूनतम योग्यता | उमेर (वर्षमा) | पारिश्रमिक |
|---|---|---|---|---|---|
| १ | PRO | २ | कक्षा १२ पास | २०-४० | आपसी समझदारी |
| २ | डकुमेन्टेसन | १ | एसएलसी पास | २०-४० | आपसी समझदारी |

इच्छुक उम्मेदवारलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस प्रालिको इमेल ठेगानामा दरखास्त निवेदन र शैक्षिक योग्यताको प्रमाणपत्रसमेत पठाउनुहुन अनुरोध छ।

LEADERS दरखास्त पठाउने इमेल ठेगाना : info@leadersira.com
काठमाडौं-३, महाराजगञ्ज, नेपाल, टेलिफोन: ०१-५०१६७४८

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **SKY BLUE H.R. SOLUTION PVT.LTD** (ई.प.नं. १६६४/०८०/८१) मा कार्यरत कर्मचारी **शान्ता गौतम** (ना.प्र.प्र.नं: १०३०/१०११ अर्घाखाँची), **अन्जन तामाङ्ग** (ना.प्र.प्र.नं: १४-०१-७५-०६०६८ उदयपुर) र **काजी बाबु रावत** (ना.प्र.प्र.नं: २४९१ अर्घाखाँची) यस कम्पनीमा काम गर्दै आउनु भएको थियो, व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएकाले निजहरूसँग यस कम्पनीसम्बन्धी आर्थिक तथा अन्य कुनै किसिमको कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

SKY BLUE H.R. Solution
**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65
Emal:skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
(प्रशासन योजना तथा संस्था दर्ता शाखा)

**सूचना**

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था श्री **FIRST SELECT NEPAL PVT. LTD.** (ई.प.नं.२७३/०५८/०५९) यस विभाग समक्ष बैंक ग्यारेन्टी तथा नगद धरौटी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०६/१६ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग भए बमोजिम बैंक ग्यारेन्टी तथा नगद धरौटी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१८**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. २७५३३४ को साविक **सिद्धार्थ टेक प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ लिंक प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८१/०६/०९ मा स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ टेक प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१८**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६०८१८ को साविक **सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ बेक्स प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/१० गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ स्वीट्स एण्ड बेकरी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
भरतपुर बहु प्राविधिक शिक्षालय

**छोटो अवधिका शिपमुलक तालिममा नि:शुल्क फाराम भर्ने सम्बन्धि सूचना**

(प्रकाशित मितिः २०८१/०६/१८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को आंगिक शिक्षालय भरतपुर बहु प्राविधिक शिक्षालय भरतपुर, चितवनमा आ.व. २०८१/०८२ परिषद् बागमती प्रदेश कार्यालयबाट स्वीकृत कार्यक्रम अनुसार बेकरी तह-१, तालिम संचालन गर्न लागिएकोले मिति २०८१/०७/०२ गतेसम्म तालिम लिन ईच्छुक नेपाली नागरिकहरुले १ प्रति पासपोर्ट साईजको फोटो र नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि सहित आवेदन फाराम भर्नको लागि सूचित गरिन्छ। साथै फाराम भरेका प्रशिक्षर्थीबाट छनौट भएका प्रशिक्षार्थीहरुको शिक्षालय तथा छनौट भएका प्रशिक्षार्थीहरु बीच छलफलगरी तालिम संचालन हुने व्यहोरा समेत जानकारी गराईन्छ।

**विस्तृत जानकारीको लागि शिक्षालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।**

**फोन नं. ९८५५०१२९४५, ९८५५०७१९५९** **शिक्षालय प्रमुख**


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८१/०६/१८**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १५९९८० को साविक **सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि.** कम्पनीको नाम परिवर्तन भई अबउप्रान्त **सिद्धार्थ एकेडेमिया एण्ड रिसर्च सेन्टर प्रा. लि.** कायम हुने गरि कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति : २०८१/०६/०९ गते समेत स्वीकृती प्राप्त भईसकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सिद्धार्थ इन्स्टिच्युट अफ हस्पिटालिटी प्रा. लि., का.म.न.पा. ३२, कोटेश्वर,काठमाडौ**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, १८ असोज, २०८१

| | |
|---|---|
| **मेष** | परिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। |
| **वृष** | आफ्नै बेहोसीले नोक्सान पुर्‍याउला। |
| **मिथुन** | समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ। |
| **कर्कट** | शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ। |
| **सिंह** | केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ। |
| **कन्या** | कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन। |
| **तुला** | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। |
| **वृश्चिक** | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| **धनु** | धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ। |
| **मकर** | मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। |
| **कुम्भ** | परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। |
| **मीन** | अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१ड असोज, २०८१ (०ढ्ढ अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४७.९८ | १४८.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.९६ | १७६.७५ |
| स्विस फ्रैन्क | १ को | १५७.४३ | १५८.१४ |
| अस्ट्रेलियन डलर | १ को | ९०.२६ | ९०.६६ |
| क्यानाडियन डलर | १ को | ९९.०१ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०२.३९ | १०२.८४ |
| जापानी येन | १० को | ९.१८ | ९.२२ |
| चिनियाँ युआन | १ को | १८.८२ | १८.९१ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ३.९१ | ३.९३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.६९ | ३०.८३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १३.०१ | १३.०७ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३८.६८ | ४४०.६४ |
| बहराइन दिनार | १ को | ३५५.६४ | ३५७.२४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।



**राहत वितरण** | बाढीपहिरोले जनधनको क्षति भएको काभ्रेपलाञ्चोकको पनौती नगरपालिका-१२ भूमेडाँडाका पीडितलाई खाद्यान्न वितरणको तयारी गर्दै हाम्रो टिम नेपाल नामक संस्थाका स्वयंसेवक । संस्थाले उक्त क्षेत्रका ७५ पीडित परिवारलाई खाद्यान्न वितरण गरेको छ । *तस्बिरः राजकुमार पराजुली/रासस*

# बाढीपहिरो र डुबान प्रभावित १७ हजारभन्दा बढीको उद्धार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बाढीपहिरो र डुबानलगायत प्राकृतिक विपद्मा परेका १७ हजार १२० जनाको सकुशल उद्धार गरिएको गृह मन्त्रालयले जनाएको छ। विपद्मा खोज उद्धारमा खटिएको नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र स्वयंसेवकबाट बिहीबार बिहानसम्म १७ हजारभन्दा बढीको उद्धार गरिएको गृहका प्रवक्ता सहसचिव ऋषिराम तिवारीले जानकारी दिए ।

उनले विपद्मा परी बेपत्ता परेका २२ जनाको खोजी जारी रहेको जानकारी दिँदै विपद्का घटनामा घाइते भएका १६९ जनाको विभिन्न अस्पतालहरूमा निःशुल्क उपचारको प्रबन्ध गरिएको बताए । 'घाइतेमध्ये अधिकांश घर फर्किसक्नु पनि भएको छ,' प्रवक्ता तिवारीले भने, 'विपद्का बेला अतिप्रभावित क्षेत्रमा सुरक्षाकर्मीद्वारा घटनास्थलमै स्वास्थ्य शिविर र तत्कालको राहत सामग्री वितरण गरिएको थियो ।' गृह मन्त्रालयका अनुसार बिहीबारसम्म काठमाडौं उपत्यकाबाट दुई हजार १५८, कोशी प्रदेशबाट ९० जना, मधेस प्रदेशबाट ३५, सबैभन्दा बढी बागमती प्रदेशबाट १३ हजार ६४० जनाको उद्धार गरिएको छ ।

'प्रभावित जिल्लाबाट नेपाली सेनाको हेलिकप्टरबाट पनि बिरामी, घाइते, बालबालिका, ज्येष्ठ नागरिकहरूलाई प्राथमिकतामा राखेर यो अवधिमा उद्धार कार्य गरियो,' उनले भने, 'खोज तथा उद्धारको काम अन्तिम चरणमा पुग्नुका साथै बेपत्ताको खोजी तीव्र रूपमा भइरहेको छ ।'

त्यसैगरी गृहमन्त्री रमेश लेखकले खोज, उद्धार तथा राहत वितरणका साथै अवरुद्ध राजमार्ग खुलाउन सरोकारवाला निकाय एवं मन्त्रालयसित समन्वय गरिरहेको बताए । उनले प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई उद्धार, राहत वितरण र घाइतेहरूको स्वास्थ्य उपचारमा विषेश ध्यान दिन निर्देशन दिएका छन् । गृहमन्त्री लेखकले राजमार्ग सञ्चालन गर्न सहजीकरण, यात्रुहरूको सहज र सुरक्षित यात्रा गर्नेलगायतका विषयमा यातायात व्यवसायीहरूसित पनि छलफल गरेका थिए ।

त्यस्तै काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, सिन्धुलीलगायतका जिल्लामा विपद्मा मृत्यु भएका मृतकका परिवारलाई आर्थिक सहायताबापत राहत रकम उपलब्ध गराउनुका साथै घर भत्किएका परिवारलाई राहत रकम वितरण सुरु गरिएको छ । प्रभावित जिल्लामा विभिन्न दातृ निकाय र दाताहरूबाट पनि राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध भइरहेको छ ।

सहसचिवको नेतृत्वमा कार्यदल गठन गरी गृह मन्त्रालयले प्रभावित आठ जिल्लामा आवश्यक, समन्वय सहकार्य र विपद्मा परेका नागरिकहरूको सहजीकरणका लागि कार्यदल खटाएको छ। कार्यदललाई प्रभावितहरूको तत्काल उद्धार तथा राहत कार्यमा समन्वय र सहजीकरण, मानवीय र भौतिक क्षेत्रको संक्षिप्त विवरण तयारी गरी तत्काल गर्नुपर्ने कार्यका सम्बन्धमा सुझाव दिनेलगायतका कार्यदेश दिइएको छ ।

# हनुमानढोकास्थित दसैं घरमा जमरा राखियो

**काठमाडौं (प्रस)–** दुर्गा पक्षको पहिलो दिन हनुमानढोका दरबारस्थित दसैं घरमा विधिपूर्वक घटस्थापना गरी जमरा राखिएको छ। नेपाल पञ्चांग निर्णायक विकास समितिले दिएको बिहान ९:१६ बजेको साइतमा हनुमानढोका दरबार क्षेत्रको दसैं घरमा वैदिक विधिपूर्वक घटस्थापना गरी जमरा राखिएको हनुमानढोका दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख सन्दिप खनालले जानकारी दिए ।

हनुमानढोका दरबारमा रहेको दसैं घरमा राज्यका तर्फबाट घटस्थापना गरी विधिपूर्वक दुर्गा देवीको आह्वान गरी पूजा आराधना गर्ने परम्परा रहेको छ । हनुमानढोकाको दसैं घरमा यसै दिनदेखि बलिसहित पूजा सुरु गरिन्छ । हनुमानढोकाको कोतमा महाअष्टमी र महानवमीका अवसरमा भने ५४ बोका, ५४ राँगाको बलि दिएर विशेष पूजा गरिन्छ । यस वर्ष तिथिको घटबढका कारण असोज २४ गते फूलपाती भित्र्याएपछि अष्टमीमा गरिने पूजा आराधना र बलिको तयारी भएको जानकारी पनि कार्यालय प्रमुख खनालले दिए ।

वैदिक विधिपूर्वक घटस्थापना गरी दुर्गा देवीको आह्वान गरिएको दसैं घरमा दुर्गा पक्षको पहिलो दिन नवदुर्गामध्येकी पहिलो देवी शैलपुत्रीको पूजा आराधना गरिन्छ। दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्रीको विधिपूर्वक पूजा आराधना गरिन्छ । नवदुर्गासहित दसैं घरमा वा पूजा कोठामा महाकाली, महालक्ष्मी र महासरस्वतीको पनि विधिपूर्वक पूजा, आराधना गरिन्छ ।

# मध्यपहाडी राजमार्गको खुर्कोट–घुर्मी खण्ड एकतर्फी खुल्यो

**काठमाडौं (प्रस)–** मध्यपहाडी राजमार्गअन्तर्गत खुर्कोट-घुर्मीखण्ड बिहीबारदेखि एकतर्फी रूपमा खुलेको छ। केही दिनअघि आएको वर्षासँगैको बाढीपहिरोले राजमार्गको सयौं स्थान अवरुद्ध भएपछि पाँच दिनदेखि आवागमन ठप्प भएको थियो । राजमार्गमा दुवैतर्फबाट दुई-दुई वटा डोजर र स्काभेटर प्रयोग गरी पाँच दिनसम्मको निरन्तर प्रयासमा आज दिउँसोदेखि सडक सञ्चालनमा ल्याइएको सिन्धुली गोलञ्जोर गाउँपालिकाका उपाध्यक्ष ज्वालाप्रसाद न्यौपानेले जानकारी दिए ।

उनका अनुसार मध्यपहाडी सडक आयोजना तथा स्थानीय गोलञ्जोर र फिक्कल गाँउपालिकाको सहयोग र समन्वयमा घुर्मीबाट दुई र खुर्कोटबाट दुईवटा स्काभेटर प्रयोग गरी एकतर्फी रूपमा सडक सञ्चालन ल्याइएको हो । दुवैतर्फबाट झरेको पहिरो पन्छाउँदै अघि बढेका डोजर र एक्साभेटरले स्थानीय कालिआँपको पहिरो पन्छाएसँगै राजमार्ग सञ्चालनमा आएको उपाध्यक्ष न्यौपानेले जानकारी दिए । खुर्कोट-घुर्मी खण्ड ६१ किलोमिटर लामो दूरीको छ ।

राजमार्ग सञ्चालनमा आए पनि यस क्षेत्रमा वर्षाले जमिन कमलो बनाएकाले सुख्खा पहिरोको जोखिम कायम रहने भन्दै रात्रिकालीन यात्रा गर्नु जोखिमपूर्ण हुनसक्ने भन्दै सतर्कता अपनाउन अनुरोध गरिएको छ । सो खण्डमा यात्रामा रहनेले उच्च सतर्कता अपनाउनुपर्ने उपाध्यक्ष न्यौपानेले बताए । सयौंको संख्यामा यस खण्डमा स-साना पहिरो झरेका छन् । हाललाई सामान्यरूपमा पहिरो पन्छाएर एकतर्फीरूपमा सडक सञ्चालनमा ल्याइएको छ। यस खण्डअन्तर्गत सबै स्थानमा अहिले ठूला सवारीसाधन सहजरूपमा सञ्चालन गर्न चुनौतीपूर्ण बनेको पिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बरालले बताए ।


## कुवेतमा रोजगार

कम्पनी : Foodly Consumer Delivery Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311697 | चलानी नं.६०२२५९६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 19 | 0 | 140 | ६१,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sahm Consumer Delivery Company-Mortgaged in favor of the industrial Bank of Kuwait

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311696 | चलानी नं.६०२२५९६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 25 | 0 | 140 | ६१,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७९७/०६५/०६६

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएईमा रोजगार

कम्पनी : MAYAN MAYIL BUILDING CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१७ | LT. No. 305728 | चलानी नं. ६०२२०४९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४४,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 1200 | ४४,०१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १५७१/०७९/०८०

**SPACE HR SOLUTIONS PVT.LTD**

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 8941607558
E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## कुवेतमा रोजगार

कम्पनी : INJAZ ALMUSTAKBAL COMPANY FOR CONSUMER ORDERS DELIVERY

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311694 | चलानी नं. ६०२२६१८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRIVER LIGHT | 24 | 0 | 140 | ६१,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ३०१/०५९/०६०

**SUPREME OVERSEAS PVT. LTD.**

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## कतारमा रोजगार

कम्पनी : LADY D BEAUTY LOUNGE

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311683 | चलानी नं. ६०२२६१७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseurs | 0 | 2 | 2000 | ७४,००५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | LT. No. 311682 | चलानी नं. ६०२२६१७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 1 | 1400 | ५१,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 3 | 0 | 1000 | ३७,००५ | | | | | | | |
| 3 | Sales-Man | 0 | 1 | 1400 | ५१,८०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।


| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



**Sudurpaschim Provincial Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Sanfebagar, Achham**

**Invitation for Bids (IFB) No. (IFB):-2081/082-01**

**Date of publication: 2081/06/18**

**Method of Procurement: NCB, Eligibility Procedure**

1. Infrastructure Development Office invites sealed Bids from all eligible Nepalese Bidders for Construction of Following Road Project with construction detail as follows.

***(Name and Identification no of Contract are as follows.)***

| SN | Contract Identification No: | Description of Work | Estimated Amount (NRS.) [Excluding VAT & Contingencies] | Bid Security amount | Bid Security Validity Period | Last Date For Bid Submission | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | IDO/ACHM/ 33701012/ 2081/082-01 | Construction and Upgrading of 3 Nos of Roads of Chaurparti RM Achham. | 9,822,669.06 | 260000 | Validity up to 120 days from the last date of bid submission | 2080/07/21 | 3,000 |
| 2 | IDO/ACHM/ 33701012/ 2081/082-02 | Construction and Upgrading of Babla Wada Karyalay Dekhi Putru Sadak Sa Na Pa 12 Achham | 4,274,342.38 | 107000 | | 2080/07/21 | 3,000 |
| 3 | IDO/ACHM/ 33701012/ 2081/082-03 | Construction and Upgrading of Matena Jimradi Sadak, Raunaka Pipal Dekhi hham Dharmiksthal Sadak Sa Na Pa 07, Dhakatola Naulaghar Maljhul Sadak & Lampata Sadak Sa NaPa 04 Achham | 2,631,664.39 | 66000 | | 2080/07/21 | 3,000 |
| 4 | IDO/ACHM/ 33701012/ 2081/082-04 | Construction of Brahamdada Lesada Dahpata Tolena Sadak Sa Na Pa 05, Achham | 4,258,227.97 | 107000 | | 2080/07/21 | 3,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the ***Infrastructure Development Office Sanfebagar Achham***, Email Address: p7ido.achham@gmail.com, Contact No: 097-625214 or may visit PPMO **website** www.bolpatra.gov.np.
   Name of the Bank: Rastriya Banijya Bank Mangalsen Branch, Achham
   Name of Office: Infrastructure Development Office, Achham
   Office Code no. : 3370172017
   Office Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak No.: 14229
3. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2081/07/21 At the Infrastructure Development Office Achham.
4. If Bidder wish to Submit the bid security in the form of cash bidder has to deposit cash in Dharauti Account no 4260100202030000 of Infrastructure Development Office Achhamat Rastriya Banijya Bank Mangalsen Branch, Achham and Submit Bank Deposit Voucher along with a Bid.
5. Any Amendments in This tender Notice will be posted in the notice board of IDO, Achham or may visit PPMO e-GP system www.bolpatra.gov.np

**Senior Divisional Engineer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विपद्का ‘ओपन-सेक्रेट’ गल्तीहरू

हरेक विपद्मा सरकारले हरतरह प्रयास गर्दा पनि न त पूर्वतयारीमा सन्तोषजनक काम गर्न सकेको छ न त प्रतिकार्य नै । यसपछि सरकार आलोचित हुन्छ । सरकारको नेतृत्व गरिरहेकाहरूको कयौं कमीकमजोरी छन् । सरकारको यस्तै कमजोरी औंल्याउँदा हरेक निर्वाचनपछि नयाँ दलको जन्म पनि भएको छ । तर नयाँ दलले पनि विपद् पूर्वतयारीबारे कुनै योजना बनाउन सकिरहेका छैनन् । वर्षा, भूकम्प, बाढी, पहिरो, अत्याधिक गर्मी, अत्याधिक जाडोजस्ता विषयलाई प्राकृतिक विपत्तिका रूपमा लिइन्छ । तर के यी विपद्हरू प्राकृतिक हुन् त ? केही समयअघिसम्म यस विषयलाई दैवी प्रकोपका रूपमा लिइन्थ्यो । अहिले यसलाई प्रकृतिसँग जोडिन थालिएको हो ।

काठमाडौंमै पनि यसपटकको वर्षा ठुलो नभएको तर त्यही वर्षाले बितण्डा मच्चाएकोबारे सरकारले अध्ययन गर्न जरुरी छ । अहिले जमिनको सतह पुरै सिमेन्टले टालिएको छ । पानी माटोमा रिचार्ज नै हुन पाउँदैन । मतलब पानीलाई सहरबासीले लखेटेर खोलातिर पठाउँछ । यसो गर्दा एक त साबिक माटो विस्तारै मर्दैजान्छ भने सानो पानी पर्दा पनि खोला ठुलो हुन्छ । गत शनिबारको नख्खु खोलाको घटनालाई यससँग दाँज्न सकिन्छ । यही पानी सबैतिरबाट जम्मा हुँदा बाढीको रूप लिन्छ र विपद् यसैले सिर्जना गराइदिन्छ । यसैले यसमा प्रश्न गरौं, के यो प्राकृतिले सिर्जना गरेको विपद् हो त ?

अर्को विषय रह्यो, बीपी राजमार्गको । अहिले बीपी राजमार्गका १२ स्थानमा नै पत्ता लगाउन नसक्नेगरी सडक बगाएको छ । यो क्षेत्रमा २२ वटा क्रसर उद्योग र ढुंगाखानी रहेको पाइएको छ । राजनीतिक र प्रशासनिक आडमा प्रकृतिको दोहन गरी अर्बौं कमाउने संयन्त्र मानिसले नै बनाएका हुन् । जसकारण अहिले मधेश र कोशीलाई काठमाडौंसँग छोटो दुरीमा जोड्ने बीपी राजमार्ग तहसनहस भएको छ । के यो प्रकृतिले सिर्जना गरेको विपद् हो त ?

धादिङको झ्याप्ले खोलामा पनि यस्तै खाले घटना भयो । धेरैले यात्राकै क्रममा बसभित्रै पहिरोले पुरिएर ज्यान गुमाए । यसपटक मौसम पूर्वानुमान महाशाखाले उच्च जोखिम भन्दै ५६ जिल्लालाई रेड जोनमा राखेको थियो । अति भारी वर्षा हुने भनी सचेत पार्दा पनि प्रशासन, व्यवसायी र नागरिक सबैले यसलाई अटेर गरी सवारी साधानमा यात्रा गरे । जसकारण त्यही पहिरोमामात्रै ३५ जनाको मृत्यु भयो । यसरी यो विपद्मा जानीजानी नागरिकस्तरबाट पनि गल्ती भएका छन् । सरकारलाई प्रश्न गर्नुअघि, अरुलाई प्रश्न गर्नुअघि हामी आफै पनि सच्चिने कि !

## मननयोग्य

### चाणक्य नीति

अम्बिकाले सासूलाई सामुन्नेमा हुन्छ त भनिन् तर पुनः निर्वस्त्र भई व्यासको अगाडि जाने साहस गरिनन् । उनले आफ्नी परम सुन्दरी वनिता भन्ने दासीलाई पनि व्यासजीको सामुन्ने पठाइदिइन् । वेदव्यास जस्ता ऋषिबाट सन्तान जन्माउन दासी वनिता पनि सहर्ष खुसी भइन् । वनिता पनि संकोच त्यागेर निर्वस्त्र व्यासजीका सामुन्नेमा पुगिन् उनलाई गर्भ रह्यो । व्यासजीले पनि त्यसै दिनदेखि वनिताको दासीभाव छुटाइदिदै भने “तिम्रो गर्भ (कोख) बाट एउटा अत्यन्तै धार्मिक पुत्र पैदा हुनेछ ।” व्यासजीको-कुरा किन फरक पर्दथ्यो र वनिता दासीकै कोखबाट माण्डव्य ऋषिको श्राप भुगतान गर्न भनी धर्मराज स्वयम्ले ’विदुर’ को रूपमा जन्म लिएका थिए ।

धर्मावतार विदुर मानिस भएर पनि आफ्नो देवता हुँदाको ज्ञानलाई बिर्सेका थिएनन् तथापि उनले कहिल्यै आफूलाई देवताको रूपमा प्रकट पनि गरेनन् सधै नै मनुष्यधर्मकै पालना गर्दथे । बाल्यावस्थादेखि नै उनी गम्भीर प्रकृतिका थिए । व्यास, भीष्म पितामह आदि मान्यजनको सेवातर्फ आफू प्रायः व्यस्त रहन्थे । यति धेरै चुप रहन्थे कि उनी केही पनि जान्दैनन् जस्तो देखिन्थे । उनी सदैव भागवद् भजनमा नै तल्लीन रहन्थे । अवकाशको समयमा ध्यान पनि गर्दथे ।

यिनमा सम्पत्तिको मोह र लोभ थिएन । दुवै युवती ज्यादै लाज मानेर व्यासको सामुन्नेमा पुगे जेठी अम्बिकाले जेठाजु व्यासको सामना गर्न नसकेर लाजले आँखा चिम्लिइन् । कान्छी आम्बालिका भने डराएर पहेंली भइन् । व्यासजीले दुवैलाई गर्भवती बनाएपछि ।

पहिलो छोरा अन्धो र दोस्रो छोरा पाण्डु वर्णको पैदा हुनेछ भनी आमालाई बताइदिए । यसरी पैदा भएका दुई पुत्र नै धृतराष्ट र पाण्डु थिए अन्धो र पाण्डु वर्ण भएका छोरा हुने हुँदा सत्यवतीलाई सन्तोष भएन । उनले अम्बिकालाई सर्वगुण सम्पन्न भएको अर्को छोरा जन्माइदिन आग्रह गरिन् र व्यासलाई पनि पुनः राजी गराइन् ।

# विपद् र हाम्रो बिग्रिएको बानी



■ श्रीरामसिंह बस्नेत

विपद्सँग सामना गर्न सेना, प्रहरीमात्र हैन नगर प्रहरी, राष्ट्रिय सेवा दल, स्काउट, कलेजका विद्यार्थी संगठन, राजनीतिक पार्टीका युवा दस्ता, स्थानीय सामाजिक तथा गैरसरकारी संस्थाका स्वयंसेवक आदिलाई तालिम र अत्यावश्यक साधनहरु दिएर सक्षम बनाउनुपर्छ । यस्तो काममा बजेट छैन भनेर पन्छिनु हुँदैन । किनकि अहिले एक लाख खर्च गर्न बजेट छैन भनेर पन्छिएको कारण पछि एक करोडभन्दा बढीको क्षति बेहोर्नपर्ने स्थिति आउनसक्छ । विपद्सँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ । अहिले हामीकहाँ यस किसिमको क्षमता शून्यप्रायः छ ।

हरेक वर्षा ऋतुमा मनसुन आउँछ, भारी वर्षात् हुन्छ, बाढीपहिरो डुबानले सताउँछ, अनाहकमा जनधनको क्षति हुन्छ, दुई/चार दिन मिडियामा कोकोहोलो मच्चाइन्छ, अनि विस्तारै हामी त्यस विपद्लाई बिर्सन्छौं र अर्को विपद्को मौन प्रतीक्षा गर्न थाल्छौं । तर एक पटकको विपद्बाट पाठ सिकेर अर्को विपद्मा क्षति न्यूनीकरण गर्ने सद्बुद्धि हामीलाई अहिलेसम्म आएको छैन, तथ्यले यही बताउँछ । यदि २०५० सालको भीषण बाढी, पहिरोबाट पाठ सिकेर त्यस्तो विपद्सँग सामना गर्ने क्षमता वृद्धि गरिँदो हो त यो दसैंको मुखमा यति ठूलो वियोग देशले खप्न पर्ने थिएन । गत साताको परिदृश्यले मनसुनी विपद् व्यवस्थापनमा हामी २०५० सालमा जहाँ थियौं अहिले पनि त्यहीँ नै रहेछौं भन्ने स्पष्ट हुन्छ । अझ अगाडिको मनसुनी विपद्लाई सम्झने हो भने २०११ सालको दसैंताकाको वितण्डालाई सम्झनुपर्ने हुन्छ । त्यतिबेला काठमाडौं उपत्यकाभित्र मात्र करिब ३०० जनाले ज्यान गुमाएका थिए भने देशभरमा गरी करिब एक हजार जनाले । के त्यो क्षतिको संस्थागत सम्झना राज्यसँग छ ? ३० वर्षअघिको बाढीपहिरोको त सम्झना राज्यसँग छैन भने ७० वर्ष अघिको के होस् ।

विपद् व्यवस्थापनको सन्दर्भमा हामी हरेकपटक मुख्यतः दुईवटा कुरामा चुक्ने गरेका छौं- एउटा विपद् आउनुभन्दा अघिको पूर्वतयारीमा र अर्को विपद्को बेलामा हुनुपर्ने चुस्त र प्रभावकारी अन्तरनिकाय समन्वयमा । अहिलेसम्म विपद्का कारण हामीले जति जनधन गुमाएका छौं मुख्यतः यही दुई कमजोरीका कारण गुमाएका छौं । मनसुनी विपद्मात्र होइन, भूकम्पमा पनि त्यही देखिएको छ । २०४५ को भूकम्पबाट पाठ सिकेको भए २०७२ को गोरखा भूकम्पमा त्यति धेरै क्षति बेहोर्नुपर्ने थिएन, अनि गोरखा भूकम्पबाट राम्रैसित पाठ सिकी त्यसअनुसार काम गरेको भए जाजरकोट भूकम्पमा अवश्य पनि जनधनको क्षति धेरै घटाउन सकिने थियो । तर, बितेको घटनाबाट पाठ सिकेर सुध्रिने सायद हाम्रो संस्कार नै छैन । नत्र हरेक वर्ष पीडा, वियोग र क्षतिको चक्र घुमिरहेको टुलुटुलु हेरिरहनुपर्ने थिएन ।

### गर्नै पर्ने काम

विपद् व्यवस्थापन एक जटिल र चुनौतीपूर्ण काम त हुँदै हो तर यसले नवसिर्जनालाई अवसर पनि दिन्छ भन्ने यथार्थ बिर्सनु हुँदैन । विपद् त आउँछ नै, त्यसलाई रोक्न, छेक्न सकिँदैन तर त्यसबाट हुने जनधनको क्षतिलाई भने रोक्न वा न्यूनीकरण गर्न सकिन्छ, विपद्को चुरो कुरो बुझेका देशहरूले त्यसै गर्ने गरेका छन् । विपद्का सन्दर्भमा गर्नैपर्ने मुख्य काम वा लक्ष्य मानवीय क्षति हुन नदिनु हो । मानिसको जीवन यति अमूल्य हुन्छ, जसको क्षतिपूर्ति असम्भव हुन्छ । तसर्थ जुनसुकै विपद्मा पनि मानिसलाई जोगाउने पहिलो रणनीति हुनुपर्छ । यसमा बजेट छैन, साधन छैन, जनशक्ति छैन, आदेश छैन भन्नेजस्ता कुरा अक्षमताका प्रमाणमात्र हुन् ।

यदि हामीकहाँ राज्य संयन्त्रले मानिस जोगाउने रणनीतिलाई उच्च प्राथमिकतामा राखेको भए नख्खुमा चार घण्टासम्म मानिसहरूले ज्यान बचाइमाग्न गुहार गर्दा पनि निरीह भएर बस्नुपर्ने थिएन । एक साधारण व्यक्तिले आँट गरेर दुई जनाको ज्यान बचाउन सकेका थिए । जब कुनै विपद् आइलाग्छ त्यसपछि हामीकहाँ अनेकौं तहका बैठक बस्छन् । ती बैठकले निर्देशन दिने निर्णय गर्दछन्, जसको कुनै तुक छैन । त्यस्ता बैठक विपद् पूर्वतयारीको चरणमा बस्नुपर्छ, विपद्ले घेरिसकेपछि हैन ।

हाम्रो समाजमा एउटा आहान प्रचलित छ, ‘माझीहरूले सल्लाह गर्दागर्दै सात गाउँ डुब्यो’ भन्ने । व्यवहारमा हाम्रो चलन ठ्याक्कै त्यस्तै हुने गरेको छ । तसर्थ बाढी, पहिरो, डुबान, शीतलहर, आगलागीजस्ता मौमसजन्य विपद् सुरु हुनुभन्दा पहिले नै सम्बन्धित निकाय, संघसंस्था आदिको बैठक बसी रणनीति तय गरेर कार्यान्वयन गर्नुपर्दछ । विपद् व्यवस्थापनका लागि सम्बन्धित प्राविधिक विज्ञहरूको सल्लाह र सहयोग लिनुपर्छ, प्रशासनिक कर्मचारीहरूका भरमा मात्र विपद् व्यवस्थापन गर्न खोजियो भने अहिले जे भएको हो त्यस्तै भइरहने छ ।

स्थानीय निकाय हाम्रो देशको सबैभन्दा महत्त्वपूर्ण र जनतासँग सोझै सम्बन्ध भएको निकाय हो । विपद् व्यवस्थापनको सन्दर्भमा स्थानीय निकायहरूलाई साधनसम्पन्न बनाउन अति जरुरी छ । यसका लागि प्रत्येक नगरपालिका र गाउँपालिकाले आफ्नो हरेक वडामा विपद् व्यवस्थापन कार्यदल गठन गरी निश्चित संख्यामा सक्षम जनशक्तिलाई विपद् व्यवस्थापनको तालिम दिएर विपद् स्वयंसेवकहरू तयार गर्नुपर्दछ । विपद् पूर्वतयारी, विपद् भइरहँदा र विपद्पश्चात् त्यो जनशक्तिलाई स्रोत साधनसहित पूर्णक्षमतामा परिचालन गर्न सकियो भने समुदाय धेरै हदमा सुरक्षित हुन्छ । विपद्मा सेना र प्रहरीको मात्र मुख ताक्दा धेरै क्षति भइसक्छ ।

विपद्मा अहिलेसम्म हामीले मार खाएको समन्वयको अभावले हो । एउटा निकाय र अर्को निकायबीच जुन सौहार्द्र सम्बन्ध र समन्वय हुनुपर्ने हो त्यो हामी कहाँ पटक्कै छैन । यसपालि पनि मौसम पूर्वानुमान महाशाखाले बेलैमा गरेको भविष्यवाणीलाई अरू निकायले गम्भीरतापूर्वक लिएर आवश्यक निर्णय गरेको भए राजमार्गमा भएको त्यो वियोग र विजोग टार्न सकिने थियो । नेपालमा निकाय र पदाधिकारीहरू भने धेरै छन् तर तिनको प्रभावकारिताको टिठलाग्दो हालत भने बितेका घटनाक्रमहरूले पटक-पटक देखाएका छन् ।

जहाँसम्म यसपटक काठमाडौं उपत्यकामा बाढीको वितण्डाको सवाल छ, त्यसमा नदी, खोलानालाको हैन मानिसकै दोष छ । उपत्यकाभित्र बागमती, विष्णुमती, धोबीखोलालगायतका जति पनि खोलानाला छन् तिनको मूल स्रोत सुन्दरीजलमाथि छन् । त्यस क्षेत्रमा मनसुनको अवधिभर गम्भीर निगरानी गरेर पूर्वसूचना प्रणाली लागू गरेर मुहान क्षेत्रमा पानीको परिमाण सामान्यभन्दा बढी हुने बित्तिकै सार्वजनिक सूचना जारी गर्ने गरेमा बाढी सहरी इलाकामा प्रवेश गर्नुभन्दा अगावै मानिसहरूलाई सजिलै सुरक्षित स्थानमा सार्न सकिन्छ । अहिले हातहातमा मोबाइल, एफएम, अनलाइन, सामाजिक सञ्जाल आदि आमसञ्चार माध्यमहरू सक्रिय भएकाले तत्काल आमसञ्चार र साइरनलगायतका माध्यमबाट सूचना प्रसारण गरी मानिसहरूलाई सुरक्षित स्थानमा पठाउन कुनै समस्या छैन । तर, त्यस्तो सुरक्षित स्थान भनेको कहाँ हो ? त्यहाँ छिटो कसरी पुग्न सकिन्छ भन्नेबारेचाहिँ पूर्वतयारीकै बेलामा निर्क्योल हुनुपर्छ ।

विपद्सँग सामना गर्न सेना, प्रहरीमात्र हैन नगर प्रहरी, राष्ट्रिय सेवा दल, स्काउट, कलेजका विद्यार्थी संगठन, राजनीतिक पार्टीका युवा दस्ता, स्थानीय सामाजिक तथा गैरसरकारी संस्थाका स्वयंसेवक आदिलाई तालिम र अत्यावश्यक साधनहरू दिएर सक्षम बनाउनुपर्छ । यस्तो काममा बजेट छैन भनेर पन्छिनु हुँदैन । किनकि अहिले एक लाख खर्च गर्न बजेट छैन भनेर पन्छिएको कारण पछि एक करोडभन्दा बढीको क्षति बेहोर्नपर्ने स्थिति आउनसक्छ । विपद्सँग सामना गर्ने राष्ट्रिय क्षमताको विकास गर्नु अति जरुरी छ । अहिले हामीकहाँ यस किसिमको क्षमता शून्यप्रायः छ । त्यसैले सेना र प्रहरीलाई थेग्नै नसक्ने दबाब पर्न गएको छ । सेना, प्रहरीसँग पनि विपद्सम्बन्धी पर्याप्त साधन, स्रोत छैनन् ।

जसरी पनि जनधनको सुरक्षा गर्ने बृहत् राष्ट्रिय अभिष्ट पूरा गर्न राज्यले परिस्थितिअनुसार अप्रिय निर्णय लिन र त्यसलाई कार्यान्वयनसमेत गर्न खुट्टा कमाउनु हुँदैन । लोकप्रिय बन्ने लालचमा वा कुनै दबाब समूह, स्वार्थ समूहको मोलाहिजामा परेर जनधन जोगाउने आफ्नो मूल दायित्वबाट विमुख भएमा पछि ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ । जस्तैः मौसम प्रतिकूल भएर भारी वर्षा हुने स्थितिमा ठीक अवस्थामा नरहेका मार्गहरूमा जोखिमपूर्ण यात्रा गर्न प्रतिबन्ध लगाउन सक्नुपर्दछ । यसमा यातायात व्यवसायीको दबाबमा आएर त्यस्तो निर्णय लिन नसकेमा जनधनको ठूलो क्षति बेहोर्नपर्ने हुन्छ । अहिले पनि दसैं अगाडि देशका धेरै भूभागमा सुरक्षित आवजजावत गर्न सकिने सडकको अवस्था छैन । अझै मनसुन पनि बाँकी नै छ । यस्तोमा राज्यले ‘यसपालिको दसैं जो जहाँ छौं त्यहीं बसेर मनाऔं, मौसम र बाटोको अवस्था सुधार भएपछि तिहार भने घर गएर मनाउँला’ भनेर सार्वजनिक सूचना जारी गर्न र त्यसलाई कडाइका साथ लागू गर्न सक्नुपर्छ । त्यति गर्न नसके पनि कम्तीमा पनि जोखिमपूर्ण अवस्थामा रहेका मार्गहरूमा रात्रि आवागमन पूर्णतया निषेध गर्न सकिन्छ । दसैं हरेक वर्ष आउँछ तर मानिसको जिन्दगी फर्केर आउँदैन ।

### गर्नै नहुने काम

अक्सर कुनै विपद् परेको घटनास्थलमा सर्वसाधारणले ‘खै सरकार नै आएन, राज्यको उपस्थिति नै छैन’ भनेर गुनासो गरेको देखिन्छ । वास्तवमा यो ठीक होइन । घटनास्थलमा तत्कालै प्रधानमन्त्री वा कुनै मन्त्री गएर समस्याको समाधान हुँदैन, बरू भिआइपीको स्वागत, सत्कार, तामझाम, तस्बिर खिच्ने आदि कामले उद्धार कार्यमा नराम्रो असर पर्दछ । कुनै भिआइपी नपुग्दैमा सरकार नपुगेको भन्ने हुँदैन । नीति, नियम र पद्धतिले काम गरेको हुनुपर्छ, पदाधिकारीको भौतिक उपस्थितिले होइन । त्यसैले त्यस्तो बेलामा नागरिकले मन्त्री खोज्ने होइन, प्रभावकारी काम खोज्ने हो ।

प्रधानमन्त्री वा सम्बन्धित मन्त्रीहरूले आफ्नो संयन्त्रबाट निगरानी गर्नुपर्दछ । हामीकहाँ ‘उद्धार’ शब्द गलत अर्थमा प्रयोग भइरहेको पाइन्छ । उद्धार भनेको कुनै विपद्मा परेको मानिसलाई सकुशल त्यस विपद्बाट मुक्त गर्नु वा ज्यान बचाउनु हो । तर, यहाँ भग्नावशेष वा पहिरोमा पुरिएर ज्यान गुमाएको मानिसको लास निकाल्ने कार्यलाई समेत उद्धार भन्ने गरेको पाइन्छ, त्यो गलत हो । उद्धार जीवित मानिसको मात्र हुन्छ ।

विपद्को संवेदनशील अवस्थामा पनि नाजायज फाइदा उठाउने अत्यन्तै अमानवीय र लुब्ध चरित्र हाम्रा कतिपय व्यापारी र व्यवसायीहरूमा पाइन्छ । त्यो एकदमै निन्दनीय र दण्डनीय प्रवृत्ति हो । यसपालि पनि अविरल वर्षाले राजमार्ग अवरुद्ध भएको मौका छोपी विमान सेवा कम्पनीहरूले बाध्यतामा परेका यात्रुहरूसँग तेब्बर भाडा असुलेको गुनासो व्यापकरूपमा आयो । यस्ता विषयमा सरकार गम्भीर हुनुपर्छ । यस सन्दर्भमा ९० सालको महाभूकम्पपछि खाद्यान्नको भाउ नबढाई यथावत् राख्न नमान्ने साहुमहाजनलाई तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेरले दिएको जवाफ चर्चित मानिन्छ । समयमै प्रभावकारी पूर्वतयारी गर्न नसक्दा गत साता दुई दिनको अविरल वर्षामै नेपालको विपद्सँग सामना गर्नसक्ने क्षमता उदांगो भएको छ । अब करिब तीन महिनापछि विशेषगरी तराई भेगमा आउने शीतलहरबाट यसपालि एक जना मानिसले पनि जीवन गुमाउनु नपर्ने सुनिश्चित गर्न के तीन तहका सरकार र सबै सम्बन्धित पक्ष तयार छन् त ?

*(लेखक राससका पूर्वमहाप्रबन्धक तथा ‘विपत् पत्रकारिता’ पुस्तकका सहलेखक हुन्)*

## पत्र-मञ्जुषा

### दसैं भित्रियो, बजारमा देखिएन चहलपहल

हिन्दू नेपालीहरूको महान् चाड विजया दशमी सुरू भएको छ । केही वर्षअघिसम्म दसैं आउन महिनौं दिनअघि बजारमा चहलपहल बढ्थ्यो । आफ्नो गाउँघर फर्किने मानिसहरूको चाप पनि उत्तिकै देखिन्थ्यो । तर, यो वर्षको दसैं लाग्दासमेत बजारमा चहलपहल बढेको छैन । बरु मठमन्दिरमा पूजापाठ गर्नेहरूको भीड देखिन्छ ।

अहिले सर्वसाधारणसँग पैसा नै छैन । आमनागरिक भन्छन्, ‘महँगी यस्तो छोइनसक्नु छ । त्यसमा पनि बेरोजगारी अनि कसरी किनमेल गर्नु ।’ सरकारी कर्मचारी, व्यापारी र राजनीतिक दलका नेताबाहेक अरू कोहीसँग पनि पैसा नरहेको बताइन्छ । पछिल्लो समय सुनको मूल्य लगातार बढिरहेको छ ।

सुन तोलाकै डेढ लाखभन्दा माथि पुगेको छ । सुनको मूल्य बढेसँगै अहिले सुन पसलमा मानिसहरूको लाम देखिन्छ । तर, सुन किन्न नभई बेच्न । सुन व्यापारीहरू महँगोमा चाँदी सुन बेच्छन् तर किन्दैनन् । सर्वसाधारण आफ्नो सुन बेच्न जाँदा उनीहरू त्यो सुन किन्दैनन् । बरू एक तोला सुन धितो राखेर ५० हजार ऋण दिइन्छ ।

त्यसको मासिक ब्याज ३६ प्रतिशतसम्म उठाइन्छ । ऋणीलाई तीन महिनाभित्र साँबाब्याज तिर्न समय दिइन्छ । अनि सो अवधिमा ऋण तिर्न नसकेमा ५० हजारमा डेढ लाखको सुन पचाउँछन् व्यापारीहरू । पैसा नभएपछि अहिले अधिकांश सर्वसाधारण यसरी नै आफूसँग भएको सुन धितो राखेर गाउँघर फर्किन लागेका छन् ।

कतिपयले सुन धितो राखेरै दसैं मनाउन खर्च जुटाएका छन् । यता, कतिपयले भने एक लाखको १० हजारदेखि ३० हजार मासिक ब्याजमा कर्जा लिएको पाइन्छ । यसमा पनि ऋण तिर्न तीन महिनाको समय दिइन्छ । यद्यपि, ब्याज सुरूमै ऋण लिँदै काटिन्छ । ऋणीले तीन महिनापछि रकम फिर्ता नगरेमा गुण्डा लगाएर कुटपिट गर्नेदेखि चेक काउन्सको मुद्दा लगाएर जेलै हालिन्छ ।

बजारमा मन्दी देखिनुको अर्को कारण दसैंको मुखैमा आएको विपत्ति हो । बाढीपहिरो र डुबानले देश यतिखेर स्तब्ध बनाएको छ । दुई दिनको झरीले काठमाडौं उपत्यकालगायत बागमती, मधेस र कोशी प्रदेशका अधिकांश जिल्लाहरू प्रभावित भएका छन् । मुख्य राजमार्गदेखि भित्री सडकहरूसमेत अवरुद्ध बनेका छन् । साढे दुई सय हाराहारीले ज्यान गुमाउँदा कयौं बेपत्ता छन् । सयौं घरमा क्षति पुगेको छ । अर्बौंको क्षति भएको छ । यसरी चाडबाडको मुखमा विपत्तिले ठूलो क्षति पुऱ्याउँदा बजार त्यसै ठप्प भएको हो ।

अहिले दसैं कसरी मनाउने भन्ने चिन्तामा जनता छन् । उपत्यकामा भएका मानिसहरू दसैं मनाउन आफ्नो गाउँघर जान नसक्ने स्थितिमा छन् । जोखिम मोलेरै जाने तयारीमा रहेकाहरूसमेत त्रासमा छन् । यस्तो बेला जनतालाई राहत दिलाउने, सान्त्वना दिने काममा राज्यका सम्पूर्ण संयन्त्रहरू परिचालित हुनुपर्ने हो । तर, सरकार आफैं आफ्नो गल्ती ढाकछोप गर्ने काममा लागेको छ । राजनीतिक दलहरू एकले अर्कोलाई आरोप लगाउनमै व्यस्त छन् । यो भन्दा विडम्बना के हुनसक्छ र !

**–राजु अर्याल**
**सामाखुसी, काठमाडौं**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**जोखिमपूर्ण यात्रा** | सिन्धुलीको गोलञ्जोर गाउँपालिका-६ बलेनी र आनामानेबीचमा रहेको रामेछाप गाउँपालिका-९ मा जोडिएको क्षतिग्रस्त झोलुंगे पुलमा जोखिम मोलेर यात्रा गर्दै रामेछापवासी । असोज १२ गते सुनकोसी नदीमा आएको बाढीले पुलमा क्षति गरेको हो । *तस्बिरः राधिका बुढाथोकी/रासस*

# गोरखा दरबारमा विधिपूर्वक जमरा राखियो

**गोरखा (प्रस)-** गोरखा दरबारको दसैंघरमा बिहीबार विधिपूर्वक जमरा राखिएको छ । नवरात्रको पहिलो दिन घटस्थापनाका अवसरमा मूलदरबारस्थित दसैंघर, कालिका र गोरखनाथ मन्दिरमा बिहान ९:१६ बजेको साइतमा जमरा राखिएको गोरखकाली मन्दिरका मूल पुजारी शारदाप्रसाद भट्टराईले जानकारी दिए ।



परम्पराअनुसार बिहान सबेरै गोरखकाली मन्दिरको कैलाश कोठाबाट देवी भगवतीलाई मूल दरबारको गर्भगृह (पूजाकोठा) मा पदस्थापना गराइ पानी घडा थापेर जमरा राखिएको उनले बताए । 'गोरखा दरबारको जमरा घरमा एक पाथी, कालिका मन्दिरमा र गोरखनाथ मन्दिरमा चार/चार मानाको दरले जौको जमरा राखिएको छ,' उनले भने, 'उपल्लो कोट, तल्लो कोटहरूमा पनि एक/एक मानाका दरले जमरा राख्ने गरिन्छ, गोरखा दरबारका सबै ठाउँमा कूल तीन पाथीको जमरा राखिएको छ ।'

यहाँ जमरा राखेपछि मात्र देशभरका हिन्दू धर्मावलम्बीले घरघरमा जमरा राख्छन् भन्ने मान्यता रहँदै आएको छ । प्रतिपदा सुरु भएसँगै कालिका मन्दिरमा नियमित कालो बोकाको बलि दिने प्रचलन छ ।

बडादसैंमा टीकासँगै जमरा लगाउँदा शुभ हुने धार्मिक विश्वास पाइन्छ । घटस्थापनाको दिन राखिएको जमरा विजयादशमीको दिन टीकासँगै लगाउने गरिन्छ ।

# कोसीको बाढीः कसैलाई डर, कसैलाई अवसर

■ संगीता राई



**सुनसरी-** केही दिनको अविरल वर्षाले देशभरको जनजीवन अस्तव्यस्त बन्यो । राजधानी काठमाडौंलगायत आसपासको क्षेत्रमा अत्यधिक वर्षाले ठूलो विपत्ति निम्त्यायो । सयौंले ज्यान गुमाए भने अर्बौंको क्षति भयो । यसपटकको भीषण वर्षाले कोसी प्रदेशमा पनि ठूलो क्षति पुगेको छ । कोसीसहित विभिन्न नदीमा आएको बाढीले धेरैको उठिबास लगायो । कति पुल भत्किए, कति बस्ती उजाडिए । तर, नदी किनारक्षेत्रका केही सर्वसाधारणलाई भने कोसीमा आएको बाढी अवसर पनि बनेको छ ।

बराहक्षेत्र नगरपालिका-६ का वीरवल माझी कोसी नदीबाट दाउरा झिकेर परिवारको गर्जो टार्छन् । उनले वर्षायामको बेला वर्षभरि पुग्ने दाउरा कोसीबाट संकलन गर्दै आएका थिए । संकलित दाउरा आफूले बाल्ने र धेरै भएमा बेचेर गुजारा चलाउने उनको पुरानै पेसा हो । यसपटकको बाढीले धेरै दाउरा बगाएर ल्याएपछि एक वर्षलाई पुग्ने गरी जोहो गरेको उनले बताए । खाना पकाउनेदेखि आफूले पालेको १५ सुंगुर र पाँच भैंसीलाई कुँडो पकाउन एक वर्षका लागि दाउराको जोहो भएकामा उनी ढुक्क छन् ।

'यो वर्ष मनसुन सकिने बेलामा बाढी आयो । घर अलि पर भएकाले केही क्षति हुन पाएन,' माझीले भने, 'यसपटकको जस्तो बाढी कोसीमा आएको मैले अहिलेसम्म देखेको थिइनँ । दाउरा पनि धेरै ल्यायो ।' तीन दिनको भारी वर्षाका कारण आएको बाढीले अहिले बराह क्षेत्रका धेरैजना दाउरा संकलनमा व्यस्त छन् ।

माझीजस्तै मजदुरी गर्ने अधिकांश दसैं खर्च जुटाउन रातदिन नभनी दाउरा संकलन गरिरहेका छन् । चतराको कोसी किनार क्षेत्रमा ज्याला मजदुरी गरेर जीविका चलाउँदै आएका उनीहरू अहिले कोसीबाट निकालेको दाउरा बेचेर आम्दानी गरिरहेका छन् । नदीको भेलले बगाएर ल्याएको दाउरा संकलन गरेर जीविका चलाउनेको दैनिकी यतिबेला कोसी बगरमा बितेको छ । बाढीले किनाराका बासिन्दा त्रसित बने पनि माझीजस्ता कतिपयका लागि अवसर बनेको छ ।

बराहक्षेत्र-८ की सोभा चौधरी पनि कोसीबाट दाउरा निकालेर दसैं खर्च जुटाइरहेकी छन् । नदीबाट दाउरा निकालेर बगरमा राखेको देख्दा धेरैले सजिलो ठाने पनि ज्यानको बाजी राखेर भेलबाट दाउरा निकाल्नु चुनौतीपूर्ण रहेको उनको भनाइ छ । उनी भन्छिन्, 'सजिलो त कहाँ छ र दाउरा निकाल्न । निकै बल लगाउनुपर्छ । निकालेर राखेको दाउरा पनि कहिलेकाहीँ भेलले फेरि बगाइदिन्छ ।' कोसीमा बाढी आएको बेला रातिदेखि किनारमा दाउरा संकलन गर्नेको भीड लाग्छ । कोसीमा राम्रोसँग पौडिनसक्ने बलिया पुरुष डुंगा लिएर नदीको बीचसम्म पुगेर दाउरा संकलन गर्छन् । महिला र पौडिन नआउनेहरू बगर छेउमा बसेर दाउरा संकलन गर्छन् ।

जोखिम मोलेर कोसीबाट निकालिएको दाउरा बजारमा प्रतिट्र्याक्टर १२ हजारदेखि २० हजार रूपैयाँसम्ममा बिक्री हुने गरेको बराहक्षेत्र-८ जितपुरका आसा चौधरी बताउँछिन् । कतिपयले बाढीले बगाएर ल्याएको दाउरा एकदिनमै तीनदेखि चार ट्र्याक्टरसम्म संकलन गर्न भ्याउँछन् । उनले भनिन्, 'अरुबेला जंगलमा साइकल लिएर दाउरा खोज्न घण्टौं लाग्छ, अहिले बाढीले ल्याएको दाउरा संकलन गर्नसके वर्ष दिनलाई ढुक्क ।' पैसाको खाँचो परेको बेला दाउरा बेचेर पैसा पनि लिन सकिने उनी बताउँछिन् ।

कोसी नदीको बीचमा रहेको बराहक्षेत्र वडा नं ६ र ९ कोसीटप्पुमा यतिबेला दाउराको बिस्कुन सुकाएझैं दृश्य देखिन्छ । कोसीटप्पुका बासिन्दाको आम्दानीको मुख्य स्रोत बाढीले बगाएर ल्याएको दाउरा हो । बाढीले दाउरामात्र होइन, ठूला रुख पनि बगाएर ल्याउने गर्छ । त्यहाँका युवाहरूले समूह बनाएर ठूल्ठूला रुख चिरेर राम्रो काठ निकाली बढी मूल्यमा बिक्री गर्ने गरेको कोसीटप्पुका स्थानीयवासी सन्तोष राजवंशीले बताए ।

उनले भने, 'माथिल्लो भेगमा वर्षा सुरु हुनासाथ यहाँका स्थानीय कोसीमा दाउरा निकाल्ने तयारीमा बसेका हुन्छौं ।' कतिपयले नदी किनारमा हुत्तिएर आउने माछा मारेर पनि आम्दानी गर्ने गरेका छन् । सप्तकोसी नदीको बराहक्षेत्र चतरा, सिसौलीघाट, महेन्द्रनगर, राजावास, कोसी टप्पुलगायतका कोसी किनारक्षेत्रका बासिन्दाले बाँसको टाँगोको सहायताले दाउरा निकाल्ने गर्छन् । धेरैजसोले समूह बनाएर डुंगाको प्रयोगबाट कोसी नदीको भंगालोमै पसेर दाउरा निकाल्ने गर्छन् । पूर्वी पहाडी क्षेत्रबाट नदीमा बाढीसँगै बगेर आउने उतिस, खयर, साल, चिलाउनेको सिंगै रुख र हाँगाबिँगा संकलन गर्ने क्रम यहाँ वर्षौंदेखि चल्दै आएको छ । *रासस*

## वैकल्पिक ट्र्याक खोलेर मन्थली-काठमाडौं आवतजावत

**रामेछाप (प्रस)-** मन्थलीबाट दोलखाको किर्नेटार-चरिकोट हुँदै काठमाडौंसम्मका लागि सडकमार्गको आवागमन बुधबार साँझबाट खुलेको छ । गत बिहीबारदेखि शनिबारसम्म परेको अविरल वर्षाका कारण गएको बाढीले किर्नेटार हाइड्रोपावर नजिक तामाकोसी नदीले कटान गरेको थियो । पाँच दिनपछि अस्थायीरूपमा किर्नेटारमा रहेको खिम्ती प्रोजेक्ट स्कुलको बीच भाग हुँदै नेपाली सेनाको क्याम्प क्षेत्रको भित्री भागबाट ट्र्याक खोलेर सडक सञ्चालनमा ल्याइएको हो ।

रामेछापको मन्थलीबाट दोलाखाको किर्नेटार-चरिकोट-मुडे हुँदै सिन्धुपाल्चोकको खाडीचौर हुँदै काठमाडौं आवतजावत गर्ने गरिन्छ । वर्षाका कारण सुनकोसीको बाढीले सिन्धुलीको खुर्कोटस्थित पुल बगाएपछि र दोलखाको किर्नेटारको बाटो तामाकोसीले कटान गरेपछि मन्थली-काठमाडौं आवागमन शनिबारदेखि अवरुद्ध थियो ।


Government of Nepal (GoN)
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Center (AEPC)**
Tahachal,Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014
Email:info@aepc.gov.np Website : www.aepc.gov.np

**REQUEST FOR PROPOSALS**

Contract Identification Number: **AEPC/CCU/RFP/2081/82-01**
Date of Notice Publication: **04 October 2024**

Alternative Energy Promotion Centre (AEPC), a National focal agency promoting renewable energy technologies in Nepal, is currently executing various Renewable Energy Programs with the support of the Government of Nepal and various international development partners. AEPC hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the tasks: **"User Survey of Ecozone Improved Cooking Stove (ICS) Project in Nepal"**

- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes**. Both the sealed proposals must be sealed in another single envelop mentioning **Title** of the task and **RFP Number**.
- Detailed RFP (with ToR) for the above task can be downloaded from **www.aepc.gov.np** or can be obtained from AEPC, Tahachal, Kathmandu, Nepal.
- Proposal (in Hard Copy) must be delivered manually to the address above by **12:00 hour's local time** on or before **23 October 2024.**
- Received Proposal (**Technical**) shall be opened in the presence of Proponents' representatives who choose to attend at **12:30 P.M. on 23 October 2024** at the office of AEPC, Tahachal, Kathmandu, Nepal.
- The method of selection will be Quality and Cost Based Selection (QCBS), **80:20** weightage for Technical and Financial proposals respectively.
- Other details are available in the RFP document.



**साउदीमा रोजगार** कम्पनी: NAQWA FOR SWEETS COMPANY शहर: BURAIDA

पूर्व स्वीकृत मिति : २०८१/०६/१६ LT. No. 311657 चलानी नं ६०२२६२०९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलब | | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Loading & Unloading Workers | 14 | 0 | 1000 | ३५,७९२ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | १०,०००/- | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com
श्रम ईजाजत नं. 1664/080/081



**कुवेतमा रोजगार** कम्पनी : Kuwait Cement Ready mix concrete Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311677 चलानी नं. ६०२२६१७०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | KD | ने.रू. | | | | | | | |
| 1 | Assitant | 10 | 0 | 135 | ५९,४६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 70 | 0 | 200 | ८८,०९० | | | | | | | |
| 3 | Labour | 10 | 0 | 135 | ५९,४६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**DIKSHYA OVERSEAS PVT. LTD.**
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, +977-9816331813, 9840203353
Email: info@dikshyaoverseas.com , Website : www.dikshyaoverseas.com
Gov Lic No: 1691/080/081



**साउदीमा रोजगार** कम्पनी : DESERT SOLUTION GENERAL CONTRACTING COMPANY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311704 चलानी नं. ६०२२६१८९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Worker | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Jasmine Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं.८७४/०६६/०६७
Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279



**बहराइनमा रोजगार** कम्पनी : Florida gulf construction

पूर्व स्वीकृति मिति : २०८१/०६/१७ LT. No. 311703 चलानी नं. ६०२२६२०१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | LABOUR | 100 | 0 | 100 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**PARADISE HUMAN RESORCE PVT. LTD**
KMC-9, Jamuna Galli, Kathmandu, Tel: 01-5921521, 5921522, Email: paradisehuman123@gmail.com, info@paradisehumanresource.com.np, Web: www.paradisehumanresource.com.np
श्रम ईजाजत नं. १६८४/०८०/८१



**बहराइनमा रोजगार** कम्पनी : Al wardi Cleaning & Maintenance Contracting WLL

पूर्व स्वीकृति मिति : २०८०/०८/१० पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१७ LT. No. 280286 चलानी नं. ६०२१०६३०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BD | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 10 | 0 | 100 | ३५,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



**साउदीमा रोजगार** कम्पनी : MOHAMMED HUSSEIN AL MAKRAMI TRADING COMPANY सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311667 चलानी नं. ६०२२६१९७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Car Driver | 1 | 0 | 1300 | ४६,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Labouers | 2 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

कम्पनी : National operation company for operation and maintenance

पूर्व स्वीकृति मिति : २०८०/११/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/१७ LT. No. 301151 चलानी नं. ६०२१६११९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Food And Beverage Counter Worker | 15 | 0 | 1000 | ३५,५३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Office And Facility Cleaning Worker | 10 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com



**साउदीमा रोजगार** कम्पनी : Vision Fantasy Decoration Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311659 चलानी नं. ६०२२६१८७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २५ गते (11th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075

प्रभाव दैनिक

रूपशाला

## 'रंगी' को शुभ साइत

सलोन सलिना फिल्मस् प्रालिको ब्यानरमा निर्माण हुने फिल्म 'रंगी' को शुभ साइत गरिएको छ । घटस्थापनाको अवसर पारेर बिहीबार राजधानीको कमलादीस्थित गणेशस्थान मन्दिरमा स्क्रिप्ट पूजा गर्दै फिल्मको शुभ साइत गरिएको हो । सलोन बस्नेत प्रस्तुतकर्ता रहने फिल्म सुरेश न्यौपानेले निर्देशन गर्न लागेका हुन् । स्क्रिप्ट पूजामा सलोन बस्नेत, नम्रता श्रेष्ठ, निर्देशक सुरेशलगायतको उपस्थिति थियो । फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आरूषी कार्की, विशाल पहारी र सुमिन गुरूङको अभिनय रहनेछ ।



शुक्रबार १८, असोज २०८१ (Friday, October 04, 2024)

# मैनालीलाई मदन यादवलाई जगदम्बाश्री



■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)**– मदन पुरस्कार गुठीले २०८० सालको मदन पुरस्कार पत्रकार एवं लेखक मोहन मैनालीलाई प्रदान गरेको छ । यस्तै गुठीले जगदम्बाश्री पुरस्कार प्रा डा योगेन्द्रप्रसाद यादवलाई प्रदान गरेको छ ।

गुठीद्वारा बिहीबार ललितपुरको रातो बङ्गला स्कुलमा आयोजित समारोहमा गुठीका अध्यक्ष कुन्द दीक्षितले मैनाली र यादवलाई पुरस्कार प्रदान गरे । गुठीको साधारणसभा बैठकले गरेको निर्णयअनुसार मदन पुरस्कार-२०८० बाट 'मुकाम रणमैदान' का लेखक मैनालीलाई तथा जगदम्बाश्री-२०८० बाट प्रा डा यादवलाई सम्मान गरिएको हो । पुरस्कारको राशि जनही रु चार लाख रहेको छ ।

गुठीका अध्यक्ष दीक्षितले नेपालका भाषाहरूको पहिचान, संरक्षण र अध्ययन-अनुसन्धानका क्षेत्रमा निरन्तर समर्पित भई गहकिलो योगदान गरेकोमा प्रा डा यादवलाई जगदम्बाश्री पुरस्कार प्रदान गरिएको जानकारी दिए ।

'मुकाम रणमैदान' का लागि मदन पुरस्कार प्राप्त गर्नुभएका पत्रकार तथा लेखक मैनालीको यो पाँचौं पुस्तक हो । मैनालीले यसअघि 'मान्ठा डराएको जुग', 'उपल्लो थलो', 'देखेको देश' र 'आकाशमुखी' कृति प्रकाशन गरिसकेका छन् ।

पुरस्कार ग्रहणपछि मदन पुरस्कार विजेता मैनालीले आफूले मुकाम रणमैदानमार्फत नेपाल-अङ्ग्रेज युद्धको बखान गरेको बताए । 'मैले मुकाम रणमैदान : नेपाल-अङ्ग्रेज युद्धको बखानमार्फत त्यही युद्धका २६ पर्व सुनाएको छु । नेपालको वर्तमान अवस्थालाई धेरै किसिमले डोऱ्याइरहेको दुई सय १० वर्षजति अघिको त्यस लडाइँबारे सिपाहीहरूले त्यतिबेलै भनेका सत्य कथाको पुनःकथन गरेको छु', उनले भने ।

जगदम्बाश्री पुरस्कारबाट सम्मानित प्रा डा यादवले नेपालका भाषाहरूको क्षेत्रमा अध्ययन-अनुसन्धानका लागि जगदम्बाश्रीबाट सम्मानित गरेकामा कृतज्ञता ज्ञापन गरे । 'विभिन्न सङ्कटग्रस्त भाषाहरूको सम्भाव्यतालाई दृष्टिगत गरी तिनको प्रयोग शिक्षालगायत सञ्चार, प्रशासन, साहित्य आदि क्षेत्रमा क्रमशः बढाउँदै जानु आवश्यक देखिन्छ । तर तिनको संरक्षण र सम्वर्द्धनको सर्वाधिक जिम्मेवारी सम्बन्धित भाषिक समुदायमा निहित हुन्छ', उनले भने ।

गुठीले मदन पुरस्कार-२०८० का लागि पाँच पुस्तक छनोट गरेको थियो । भक्त स्याङ्तानको 'डम्फुको आत्मालाप', जीवन क्षेत्रीको 'नुन-तेल', भावेश भुमरी र प्रणिता चामलिङको 'भावलिपि', मोहन मैनालीको 'मुकाम रणमैदान' र रोशन थापा 'नीरव' को 'सन्त्रासका साठी दिन' रहेका थिए । मदन पुरस्कार २०८० छनोटका लागि तीन सय चार पुस्तक प्राप्त भएकामा पाँच कृतिलाई अन्तिम छनोट गरिएको अध्यक्ष दीक्षितले जानकारी दिए ।

मदन पुरस्कार २०१२ सालमा स्थापना भएको हो । यो पुरस्कार पहिलो पटक २०१३ सालमा गद्य विधामा सत्यमोहन जोशीको 'हाम्रो लोक संस्कृति', सामाजिक शास्त्रमा चित्तरञ्जन नेपालीको 'जनरल भीमसेन थापा' र तत्कालीन नेपाल तथा विज्ञान विधामा बलराम जोशीको 'अधिकविभव स्थिरविद्युत् उत्पादक' पुस्तकलाई दिइको थियो ।

गुठीले २०४५ सालमा रानी जगदम्बाको निधनपछि उनकै सम्झनामा जगदम्बा-श्री सम्मान स्थापना गरेको थियो । यो सम्मानबाट पहिलो पटक स्वर सम्राट नारायणगोपाल गुरुवाचार्य सम्मानित भएका थिए ।

# दिव्या बनिन् 'मिस हेरिटेज इन्टरनेसनल नेपाल'



■ प्रभाव संवाददाता

**काठमाडौं**– 'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल नेपाल' दिव्या पात्रा र विभा बस्नेत घोषित भएका छन् ।

दिव्याले 'मिस हेरिटेज इन्टरनेशनल नेपाल २०२४'को शिर्ष उपाधि हात पार्दा विभाले 'मिसेज हेरिटेज इन्टरनेशनल नेपाल २०२४'को शिर्ष उपाधि जितेकी हुन् । प्रतियोगीतामा 'मिसेस अर्थ एलिट नेपाल २०२४'को उपाधि भने रोशनी महर्जनले हात पारिन् ।

आइडियल मोडल कलेजमा अध्यायनरत पात्राले आगामी नोभेम्बरमा थाइल्याण्डमा आयोजना हुने 'मिस हेरिटेज इन्टरनेशनल २०२४', विभाले नोभेम्बरमा थाइल्याण्डमा आयोजना हुने 'मिस हेरिटेज इन्टरनेशनल २०२४' र महर्जनले नोभेम्बरमै फिलिपिन्समा आयोजना हुने 'मिसेस अर्थ एलिट २०२४'मा नेपालको प्रतिनिधित्व गर्नेछिन् ।

ग्रीन आर्ट्स मिडिया प्रालिको आयोजनामा बुधबार अबेर साँझ हेरिटेज गार्डन सानेपामा आयोजित जोय 'मिस एण्ड मिसेस हेरिटेज इन्टरनेशनल नेपाल २०२४'मा मिस तर्फ आइडियल मोडल कलेजकी जसु महर्जन फष्टरनरअप बन्दा पबस कलेजकी प्रत्युषा नेपाली सेकेन्ड रनरअफ घोषित भए ।

प्रतियोगीतामा मोष्ट ट्यालेन्ट जसु महर्जन, मोष्ट फ्रेड्ली , रोशनी महर्जन, मोष्ट डिसिप्लेन सान्ड्रिया राई, बेष्ट वाक दिव्या पात्रा, बेष्ट पफमर विभा बस्नेत, बेष्ट स्माइल लिलि राई, चार्मङ पर्सनालिटी सितल बल, बेष्ट स्किन प्रत्युषा नेपाली, बेष्ट हेयर रिभिमा बिसुंके, मोष्ट इन्सपाइरिङ गंगा पुरी चुँनिए ।

नेशनल निर्देशक समेत रहेकी अनिला श्रेष्ठको कोरियोग्राफी रहेको प्रतियोगीतामा अजय पीडि खनाल (संस्थापक महसचिव-टीयु लायन्स ब्लड ट्रान्सफ्युजन एण्ड रिसर्च सेन्टर ) प्रमुख अतिथि रहेका थिए । प्रतियोगीतामा लुनिमा तुलाधर (कलाकार तथा मिडियाकर्मी), सोफिया भुजेल 'मिस युनिभर्स नेपाल २०२२', दिवास योन्जान (आइएसओ लेखा परिक्षक) र क्याथरिन दाहाल (मेकअप आर्टिस) निर्णायक रहेका थिए ।

'मिस एण्ड मिसेज हेरिटेज इन्टरनेशनल नेपाल २०२४' युनेस्कोको ऐतिहासिक र महत्वपूर्ण सम्पदा सूचिमा परेका विश्वका विभिन्न मुलुकका सम्पदा र संस्कृतिको जगेर्ना तथा प्रवर्द्धनका लागि प्रारम्भ गरेको ई-प्लानेटद्धारा सञ्चालित अन्तर्राष्ट्रिय प्रतियोगिता 'हेरिटेज इन्टरनेशनल'का लागि प्रतिनिधित्व छान्ने उद्देश्यले आयोजना भएको आयोजक ग्रीन आर्ट मिडियाका सीईयो प्रविन लाकौले जानकारी दिए ।



# बंगलादेशमा उसुलाई ४ स्वर्णसहित १० पदक




■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपालले प्रथम एसएएसएसएफ स्कुल कम्ब्याट गेम्सको उसुमा ४ स्वर्ण जितेको छ । नेपालले थप ५ रजत र १ कांस्य पनि जितेको नेपाली टोलीका प्रशिक्षक राजीव महर्जनले जनाएका छन् । बंगलादेशको ढाकामा भएको प्रतियोगितामा ममता सुनुवार राईले दोहोरो स्वर्ण जितिन् । ममताले महिला नान छ्वान र नान ताउमा स्वर्ण जितेको प्रशिक्षक महर्जनले जानकारी गराए । पुरुष ४८ केजीमुनि विराज सुनार तथा ५६ केजीमुनि निश्चल तामाङले स्वर्ण जिते ।

त्यस्तै पुरुष ६५ केजीमुनि सौगात चन्द, महिला ४८ केजीमुनि अनिता तामाङ, महिला ५६ केजीमुनि मञ्जरी राई, महिला थाइची छ्वानमा प्राथना नेपाल र महिला ५२ केजीमुनि सुभाङ्गीराज्यलक्ष्मी गौतमले रजत जिते । रूफस केसीले पुरुष थाइची छ्वानमा कांस्य हात पारिन् । सोही प्रतियोगितमा सहभागी तेक्वान्दो टोलीले २ स्वर्ण, ४ रजत र ८ कांस्य जितेको छ । महिला ६८ केजीमुनि ऋशिका बुढाथोकी तथा पुम्सेको महिला जोडीमा ऋशिका र युनिशा निरौलाले पहिलो स्थान हात पारे ।

पुरुष ४५ केजीमुनि आदित्य पराजुली, पुरुष ६८ केजीमुनि पंकज विक, महिला ४२ केजीमुनि इच्छा विष्ट र महिला एकल पुम्सेमा ऋषिकाले रजत जिते । पुरुष ४८ केजीमुनि दिपन सापकोटा, ४२ केजीमुनि युनिशा निरौला, महिला ५२ केजीमुनि सन्ध्याकुमारी पासवान, पुरुष एकल पुम्सेमा सुभम् पोखरेल र पंकज विक, महिला एकल पुम्सेमा आदित्य ढकाल, पुरुष जोडी पुम्सेमा आदित्य पराजुली र सुभम् पोखरेल तथा पुम्से महिला जोडीमा इच्छा विष्ट र आदित्य ढकालले कांस्य पाए ।

## महिला विश्वकप

# बंगलादेशको विजयी सुरुवात

**काठमाडौं (प्रस)** – युएईमा बिहीबारदेखि शुरु भएको आइसीसी महिला टी-२० विश्वकपको उद्घाटन खेलमा बंगलादेशले विजयी शुरुवात गरेको छ । पहिलो खेलमा बंगलादेशले स्कटल्याण्डलाई १६ रनले पराजित गर्दै विजयी शुरुवात गरेको हो ।

बंगलादेशले दिएको १२० रनको लक्ष्य पछ्याएको स्कटल्याण्डले २० ओभरमा ७ विकेट गुमाउदै १०३ रन मात्र बनाउन सकेको थियो ।

यस अघि टस जितेर पहिला ब्याटिंग गरेको बंगलादेशले २० ओभरमा ७ विकेट गुमाउदै ११९ रन बनाएको थियो ।

जितपछि बंगलादेशले विश्वकपमा सकारात्मक शुरुवात गरेको छ । आइसीसी विश्वकपमा १० बर्षपछि बंगलादेशको महिला टिमले कुनै जित हासिल गरेको छ । बंगलादेशले २०१४ पछि विश्वकपमा जित हासिल गरेको हो ।

अब बंगलादेशले आगामी शनिबार ईङल्याण्डको सामना गर्ने छ भने स्कटल्याण्डले आइतबार वेस्ट इन्डिजको सामना गर्ने छ ।

# बाढीपहिरोबाट खेलकुद क्षेत्रमा क्षति

■ प्रभाव संवाददाता



**काठमाडौं**– बागमती प्रदेशका जिल्ला बढी प्रभावित हुने गरि हालै गएको बाढीपहिरोका घटनामा परी मुलुकको खेलकुद क्षेत्रले अपुरणीय क्षति व्यहोर्नुपरेको छ ।

मकवानपुर इन्द्रसरोवर-३ स्थित बत्सला माध्यमिक विद्यालयमा अध्ययनरत एन्फा सिस्नेरी एकेडेमीका छ बालकको पहिरोमा परी निधन भयो । मकवानपुर जिल्ला फुटबल सङ्घका अध्यक्ष टीका लामाका अनुसार मकवानपुरका अनुप घलान, साइमन योञ्जन, दिवस बाँनिया, सर्लाहीका आदित्य बलमपाकी, काठमाडौँका रियान्स आचार्य र बाराका विकल रेग्मी सुरक्षित स्थानमा सर्ने क्रममा पहिरोमा परेका हुन् ।

एन्फाका केन्द्रीय सदस्य रहेका लामा भन्छन्, 'देशका होनहार फुटबल खेलका प्रतिभा पहिरोमा परेको घटनाले मुलुकको खेल क्षेत्रलाई अपुरणिय क्षति भएको छ, यो निकै दुखद् घटना भएको छ, सुरक्षित स्थानतर्फ लैजाने क्रममा यो घटना हुन पुग्यो ।'

उनीहरू त्यहाँ गत वैशाखदेखि क्याम्पमा रही प्रशिक्षण गरिरहेका विद्यार्थीमध्ये अरु दुई जना त्यस घटनामा घाइते भए । त्यस एकेडेमीका पहिलो समूहमा रहेका उनी सबै १४ वर्ष मुनिका खेलाडी हुन् । एन्फाको प्रशिक्षणमा उक्त उमेर समूहका ४० विद्यार्थी प्रशिक्षणमा थिए ।

त्यस्तै भौतिक पूर्वाधारका क्षेत्रमा ललितपुरको च्यासलस्थित खेलमैदान हनुमन्ते र बागमतीको बाढी पसेर तहस-नहस बनाएको छ भने प्रदेश र स्थानीय तहको सहयोगमा बनेका कयौं खेलमैदान बाढी कटानमा परेका छन् । राष्ट्रियस्तरको ललितपुरको च्यासलमा रहेका खेलमैदानमा बाढी पसेर क्षति भएको जानकारी प्राप्त भए पनि प्रदेश र स्थानीय तहको भने विवरण प्राप्त भई नसकेको युवा तथा खेलकुद मन्त्रालयका सहसचिव एवम् प्रवक्ता रुद्र अधिकारीले बताए ।

बागमती प्रदेशमा प्रदेश सरकार र स्थानीय सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा केही वर्षअघि मात्रै निर्माण गरिएका १०० भन्दा बढी खेलमैदानसहित भौतिक पूर्वाधारमा क्षति भएको छ । सरकारले हरेक स्थानीय तहमा एक खेलग्राम बनाउने नीतिअनुसार हाल २६५ स्थानीय तहमा खेलग्राम निर्माणाधिन अवस्थामा रहेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय खेलकुद परिषद् मातहत अन्तर ाष्ट्रिय, राष्ट्रिय, प्रदेश र जिल्ला स्तरिय खेलकुद पूर्वाधार छन् । सुरक्षा निकायसँग सम्बद्ध पनि आफ्नै खेल संरचना छन् भने निजी क्षेत्रबाट पनि जिमखाना, पौडी पोखरी र फुटसल सञ्चालनमा छ । खासगरी रोशी खोला, सुनकोसी र बागमती नदी किनार तटिय क्षेत्रमा रहेका त्यस्ता पूर्वाधार कटान र डुबानमा पर्दा ठूलो नोक्सानी भएको छ ।

सिन्धुली गड्तिर भेगका च्याकुटारबेँशी, बलेनी, खुर्कोट, मुलकोट, खाल्टे, कुशेश्वरमा रहेका खेलमैदान बाढीबाट पूर्ण क्षति भएको अवस्था रहेको सिन्धुलीको सुनकोशी गाँउपालिकाका अध्यक्ष दीपा बोहरा बताउँछिन् । रामेछाप, दोलखा, सिन्धुपलाञ्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुर, रसुवामा समेत कुनै न कुनैरूपमा खेल पूर्वाधारमा बाढीले असर पुऱ्याएको छ ।



भारतको अमृतसरस्थित दुर्गियाना मन्दिरमा लागेको 'लंगुर मेला' मा आफ्ना बालबालिकासहित सहभागीहरू । *तस्बिरः एएफपी*

# अस्ट्रेलिया सरकारको कडाइपछि विद्यार्थी भिसा आवेदनमा कमी

**क्यानबेरा–** अस्ट्रेलियामा अध्ययन गर्नका लागि अन्तर्राष्ट्रिय विद्यार्थीहरूको भिसा आवेदनको संख्या करिब आधाले घटेको छ । नाइन इन्टरटेनमेन्ट पत्रिकाले बिहीबार प्रकाशित गरेको शिक्षा विभागको तथ्यांकअनुसार अगस्टमा विदेशबाट १५ हजार २७० अन्तर्राष्ट्रिय विद्यार्थी भिसा आवेदन दर्ता भएका र यो संख्या सन् २०२३ को अगस्ट (३० हजार ७०३) को आधा हो ।

अस्ट्रेलियामा अध्ययन गर्ने भिसाका लागि जुलाईमा १८ हजार ६९७ विद्यार्थीहरूले आवेदन दिएका छन् । सन् २०२३ को सोही महिनामा ३६ हजार २०७ विदेशी विद्यार्थीहरूले आवेदन हालेका थिए ।

हाल अस्ट्रेलिया सरकारले अन्तर ाष्ट्रिय विद्यार्थी भिसाको आवेदन शुल्क





७१० अस्ट्रेलियाली डलरबाट बढाएर एक हजार ६०० अस्ट्रेलियाली डलर बनाएको छ । सरकारले अगस्टमा अस्ट्रेलियाको उच्च आप्रवासी प्रवेशलाई घटाउने बृहत् रणनीतिको रूपमा २०२५ मा विश्वविद्यालय र व्यावसायिक शिक्षा प्रदायकहरूमा नयाँ अन्तर्राष्ट्रिय विद्यार्थी भर्नालाई दुई लाख ७० हजारमा सीमित गर्ने घोषणा गरेको थियो ।

नयाँ तथ्यांकअनुसार अस्ट्रेलियामा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको दोस्रो ठूलो स्रोत भारतबाट भिसा आवेदनहरू जुलाई र अगस्ट २०२३ को १३ हजार ४७ बाट ६६.४ प्रतिशतले घटेर २०२४ को सोही अवधिमा चार हजार ३८३ मा झरेको छ ।

यसैगरी, फिलिपिन्सको आवेदन संख्या पाँच हजार १२६ बाट ८४९ र पाकिस्तानको चार हजार २३४ बाट घटेर ६१६ मा झरेको छ । अन्तर ाष्ट्रिय विद्यार्थीका रूपमा सबैभन्दा धैरै अस्ट्रेलिया जाने चिनियाँ विद्यार्थीको भिसा आवेदन सन् २०२३ र २०२४ को बीचमा १० प्रतिशतभन्दा कमले घटेको छ । अस्ट्रेलिया विश्वविद्यालयहरूको सर्वोच्च निकाय (युनिभर्सिटिज अस्ट्रेलिया)ले विश्वविद्यालयहरूलाई सरकारको प्रस्तावित विद्यार्थी सीमाले देशको अर्थव्यवस्थालाई अर्बौं डलर घाटा लाग्ने छ भने यसको परिणामस्वरूप उच्च शिक्षा क्षेत्रमा हजारौं रोजगारी गुम्ने छन् । *रासस/सिन्ह्वा*

# लेबनानमा स्वास्थ्य प्रणाली समाधान गर्न संघर्षरत छ : *डब्ल्युएचओ प्रमुख*

**जेनेभा–** इजरायलले हवाई हमला बढाई देशमा स्थलगत आक्रमणहरू सुरु गरेपछि लेबनानले आफ्नो स्वास्थ्य प्रणालीलाई निरन्तरता दिन कठिनाइ भइरहेको विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का प्रमुख टेड्रोस अधानोम गेब्रेयससले मंगलबार चेतावनी दिएका छन् ।

हाल लेबनानमा मृत्यु हुनेको संख्या बढ्दै गइरहेको र अस्पताल बिरामी तथा घाइते मानिसहरूले भरिएको उल्लेख गर्दै उनले यस्तो चेतावनी दिएका हुन् । उनका अनुसार लगातारका संकटहरूले स्वास्थ्य प्रणाली कमजोर भएको छ भने आवश्यकताको सामना गर्न लेबनानले गरेको संघर्षको डब्ल्युएचओले मूल्यांकन गरिरहेको छ ।





इजरायलले गत महिना गाजामा भएको युद्धबाट आफ्नो ध्यान लेबनानतर्फ केन्द्रित गरेको थियो । इरान समर्थित हमासद्वारा अक्टोबर ७ मा भएको हमलापछि इजरायलले आफ्नो उत्तरी सिमाना सुरक्षित गर्न थालेको थियो । बेरुत र यसको दक्षिणी उपनगरहरूमा इजरायली आक्रमणसहितको लडाइँमा गत हप्तादेखि एक हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ । टेड्रोसले जेनेभामा अरब लिगका राजदूतहरूसँग भेटेर परिस्थितिबारे छलफल गरेका थिए ।

शरणार्थीसहित बिरामी, स्वास्थ्यकर्मी र नागरिकलाई सुरक्षित गरी उनीहरूलाई आवश्यक पर्ने स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने उनले बताएका छन्। डब्ल्युएचओले लेबनानी स्वास्थ्य मन्त्रालयसँग सहकार्य गरी अस्पतालहरूमा पर्याप्त चिकित्सा आपूर्ति सुनिश्चित गर्न र स्वास्थ्यकर्मीलाई प्रशिक्षित गरिएको छ भने सबैभन्दा कमजोरका लागि आवश्यक स्वास्थ्य सेवाहरू कायम राख्न सक्नुपर्ने उल्लेख गरेका छन् । *रासस/एएफपी*

# भ्रष्टाचार आरोपमा सिंगापुरका पूर्वमन्त्रीलाई एक वर्षको जेल सजाय

**सिंगापुर–** सिंगापुरका एक पूर्वमन्त्रीलाई न्यायमा बाधा पुऱ्याएको र गैरकानुनीरूपमा उपहार स्वीकार गरेको अभियोगमा बिहीबार १२ महिनाको जेल सजाय सुनाइएको छ ।

फर्मुला वनलाई सिंगापुरमा ल्याउन मद्दत गर्ने पूर्वयातायातमन्त्री एस य ईश्वरनलाई यस वर्ष ३५ वटा आरोप लगाइएको थियो । विश्वको सबैभन्दा कम भ्रष्टाचार हुने देशमध्येको एक देशको रूपमा उद्धृत गरिएको सिंगापुरमा उक्त आरोप भ्रष्टाचारसँग सम्बन्धित थियो ।

ईश्वरनको सजाय अभियोजन पक्षले अनुरोध गरेको छदेखि सात महिनाकोभन्दा बढी गम्भीर थियो, जुन उच्च अदालतका न्यायाधीश भिन्सेन्ट हुङले सार्वजनिक विश्वासमा मुद्दाको प्रभावलाई ध्यानमा राख्दै स्पष्टरूपमा अपर्याप्त हुने बताएका थिए ।

'सार्वजनिक संस्थाहरूमाथिको विश्वास र भरोसा प्रभावकारी शासनको आधार हो । एउटा सरकारी कर्मचारी निष्ठा र जवाफदेहिताको मापदण्डभन्दा तल झरेको जस्तो देखिने मुद्दामा उक्त सजायँ अझै कम हो जस्तो लाग्छ,' हुङले बिहीबार सजाय



सुनाउँदै भने । गत हप्ता ईश्वरनलाई न्यायमा बाधा पुऱ्याएको र अवैध उपहार स्वीकार गरेको अभियोगमा दोषी ठहर गरिएको थियो । अभियोजनकर्ताहरूले एक अर्बपति घरजग्गा व्यवसायीसँग सम्बन्धित केहीसहित केवल पाँचवटा कमजोर आरोपहरू अघि बढाएका थिए ।

स्थानीय सञ्चारमाध्यमका अनुसार उनको प्रतिरक्षा टोलीले ईश्वरनलाई अक्टोबर ७ देखि लागू हुनेगरी जेल सजाय सुनाउन माग गरेको छ। अदालतले ६२ वर्षीय उनलाई त्यस दिन अपराह्न ४ बजे स्टेट्स कोर्टमा आत्मसमर्पण गर्न आदेश दिएको थियो । तीन लाख अमेरिकी डलरभन्दा बढी मूल्यका उपहार स्वीकार्नेजस्ता आरोपबारे औपचारिकरूपमा सूचित भएपछि ईश्वरनले जनवरीमा राजीनामा दिएका थिए । उनले राजीनामापत्रमा अदालतमा आफूमाथिको आरोपबारे सफाइ दिने बताएका थिए ।

ईश्वरनले सरकारलाई करिब दुई लाख ९५ हजार अमेरिकी डलर नगद, ब्रोम्पटन साइकललगायतका उपहारसमेत फिर्ता दिइएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । ईश्वरनले सिंगापुरका धनाढ्य होटल व्यवसायी ओङ बेङ सेङको खर्चमा एक बिजनेस क्लासको उडानको अनुसन्धान गर्न सिंगापुरका अधिकारीहरूलाई रोक्ने प्रयाससँग सम्बन्धित मुद्दामा बाधा पुऱ्याएको आरोप लगाइएको छ ।

अन्य चार आरोप होटल प्रोपर्टिज लिमिटेडका प्रबन्ध निर्देशक ओङ र एक निर्माण कम्पनी लुम कोक सेङका शीर्ष निर्देशक ओङबाट ह्विस्की र गल्फ क्लबका बोतलसहित उपहार प्राप्त गरेकोसँग सम्बन्धित छन् । उक्त मुद्दामा कुनै पनि व्यवसायीले सजाय भोगेका छैनन् । *रासस/एएफपी*

# जापानका प्रधानमन्त्रीले 'ह्याप्पीनेस इन्डेक्स'को योजना सार्वजनिक गर्ने

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आज (शुक्रबार) आफ्नो पहिलो संसदीय नीति भाषणका क्रममा नयाँ खुसी सूचकांक प्रस्ताव गर्ने स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

सार्वजनिक र निजी क्षेत्रहरूले तयार पारेको 'ह्याप्पीनेस इन्डेक्स' (सूचकांक) मा इशिबाको अर्थव्यवस्थाका लागि योजनाहरू र देशको घट्दो जनसंख्याको सामना गर्न प्रस्ताव गरिने अपेक्षा गरिएको छ । गत साता सत्तारुढ दलको नेतृत्वमा भएको निर्वाचनमा विजयी भएपछि ६७ वर्षीया इशिबा मंगलबार प्रधानमन्त्री बनेका थिए ।

उनले क्षेत्रीय सरकार र न्यून आय भएका परिवारका लागि बढ्दो सहयोगजस्ता नीतिका लागि आफ्नो जनादेशलाई बलियो बनाउन अक्टोबर २७ का लागि मध्यावधि निर्वाचन गर्न चाहेको बताएका छन् । उनको सम्बोधनले विदेश नीतिका मामिलाहरूलाई कसरी सम्बोधन गर्ने छ भन्ने स्पष्ट छैन तर सार्वजनिक प्रसारक एनएचके र अन्य सञ्चारमाध्यमले इशिबाले मुद्रास्फीतिसँग लड्ने प्रतिज्ञालाई नवीकरण गर्ने र नयाँ मौद्रिक प्रोत्साहन प्याकेजको लागि योजना घोषणा गर्ने सम्भावना छ ।

गत शुक्रबार लिबरल डेमोक्र्याटिक पार्टी



(एलडिपी) ले इशिबालाई नेता बनाएपछि येनको मूल्य बढेको थियो । उनले बैंक अफ जापानको अति-शिथिल नीतिहरूबाट बहिर्गमनको व्यापक समर्थन गरेका छन् । इशिबाले बुधबार साँझ पत्रकारहरूसँग कुरा गर्दै थप ब्याजदर वृद्धिका लागि वातावरण उपयुक्त नभएको र यसले जापानी मुद्रालाई फेरि धराशायी बनाउने बताएका थिए ।

प्रधानमन्त्रीले सन् २०३० सम्ममा जापानको औसत न्यूनतम ज्याला एक हजार ५५ येनबाट बढाएर एक हजार ५०० येन (१०.२२ अमेरिकी डलर) पुऱ्याउने योजनाको पनि घोषणा गर्ने छन् । विश्वको चौथो अर्थतन्त्रका रूपमा चिनिने जापानको प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन (जिडिपी) बढाउने यो प्रयास जनताको खुसीको स्तर बढाउने उनको दृष्टिकोणको हिस्सा हो ।

एनएचकेका अनुसार उनले राष्ट्रको मूललाई असर गर्ने तीव्र गतिमा बढेको वृद्ध जनसंख्यालाई 'मौन संकट' को संज्ञा दिने अपेक्षा गरिएको छ । इशिबाले भूकम्प र बाढीको जोखिममा रहेको जापानका लागि नयाँ विपद् व्यवस्थापन मन्त्रालय सुरु गर्ने योजनाका साथै आणविक ऊर्जाको महत्त्वमा जोड दिने बताइएको छ ।

जापानमा आणविक शक्ति एक विभाजनकारी विषय हो । यसमा व्यापारिक समूहको समर्थन छ तर फुकुशिमामा सन् २०११ मा आएको सुनामीले निम्त्याएको विपत्तिपछि पनि जनता अझै पनि चिन्तित छन् । नोमुरा रिसर्च इन्स्टिच्युटका कार्यकारी अर्थशास्त्री तथा बैंक अफ जापानका पूर्वबोर्ड सदस्य ताकाहिदे किउचीका अनुसार समग्रमा इशिबाको सम्बोधन आगामी आमनिर्वाचनको बारेमा बलियो जागरुकता ल्याउने खालको हुने छ ।

'इशिबा सरकारले चुनाव जित्न र आफ्नो शक्तिको आधार बलियो बनाउन प्राथमिकता दिएको देखिन्छ,' उनले भने । *रासस/एएफपी*

## इयूद्वारा लेबनानलाई दिने सहायतामा तीन करोड युरो वृद्धि

**ब्रसेल्स–** युरोपेली संघ (इयू) ले इजरायल र हिजबुल्लाहबीच जारी द्वन्द्वका कारण लेबनानलाई थप तीन करोड युरो (तीन करोड ३० लाख अमेरिकी डलर) मानवीय सहायता उपलब्ध गराउने घोषणा गरेको छ। युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले भनिन्, 'हामीले लेबनानका जनताका लागि मानवीय सहायता बढाएका छौं । हाम्रो नयाँ कोष (सहयोग) ले यो धेरै कठिन समयमा नागरिकहरूले धेरै आवश्यक सहायता प्राप्त गर्ने सुनिश्चित गर्ने छ ।' उनले थप भनिन्, 'मध्यपूर्वमा निरन्तर तनाव बढ्दै गएकोमा म निकै चिन्तित छु । निर्दोष नागरिकको जीवन रक्षाका लागि सबै दलले सक्दो प्रयास गर्नुपर्छ ।'

युरोपेली संघको पछिल्लो सहायता प्याकेज सप्ताहन्तमा घोषणा गरिएको १० मिलियन युरोभन्दा माथि रहेको छ । यससँगै लेबनानका लागि युरोपेली संघको मानवीय सहायता यस वर्ष १०० मिलियन युरोभन्दा बढी पुगेको छ । इजरायलले लेबनानको हिजबुल्लाहविरुद्ध हवाई आक्रमण गर्दै सीमापार आफ्ना सेना पठाएको छ । लेबनानमा इजरायली बमबारीमा एक हजारभन्दा बढीको ज्यान गइसकेको छ भने हिजबुल्लाहका लामो समयदेखिका प्रमुख हसन नसरल्लाह हवाई आक्रमणमा मारिनुभएको छ । लेबनानका अधिकारीहरूले इजरायली आक्रमणका कारण करिब १० लाख मानिस आफ्नो घर छोड्न बाध्य भएको बताएका छन् । *रासस/एएफपी*

# पाकिस्तान र अफगानिस्तानमा पोलियो संक्रमण वृद्धि

**पाकिस्तान–** पाकिस्तान र अफगानिस्तानमा पोलियो संक्रमितको संख्या बढेको छ। यसले पोलियो रोग उन्मूलन गर्ने विश्वव्यापी प्रयासमा चुनौती खडा भएको छ । सेप्टेम्बर ३० मा विश्व स्वास्थ्य संगठनले अफगानिस्तान र पाकिस्तानमा पोलियो संक्रमितका विरामीहरू बढ्दै गएको भन्दै नियन्त्रणका थप उपाय अवलम्बन गर्न चेतावनी दिएको थियो । खामा प्रेसका अनुसार कान्दाहार प्रान्तमा दुई र अफगानिस्तानको हेलमन्ड प्रान्तमा एक जनामा संक्रमणको रिपोर्ट गरिएको छ ।

अफगानिस्तानमा तालिबान शासनद्वारा खोप प्रतिबन्धपछि पोलियो संक्रमितको संख्यामा वृद्धि भएको रिपोर्टमा उल्लेख गरिएको छ। डब्ल्युएचओले पाकिस्तानमा तीनवटा नयाँ पोलियो संक्रमित भेटिएको पुष्टि गरेको छ भने देशभर यसको संख्या २६ पुगेको छ ।

विश्व स्वास्थ्य संगठनका अनुसार स्नायु प्रणालीमा आक्रमण गर्ने अत्यधिक संक्रामक पोलियो भाइरसका कारण पोलियो रोगको लाग्छ । यो व्यक्ति-व्यक्तिको सम्पर्क वा दूषित खाना वा पानी उपभोगबाट फैलिन्छ। यो भाइरस मलमुत्र वा संक्रमित व्यक्तिको घाँटीबाट निस्कने थोपाबाट सर्छ । पोलियो संक्रमितमा ज्वरो आउने, टाउको दुख्ने, बान्ता हुने, थकान महसुस हुने र हातखुट्टा दुख्नेजस्ता लक्षण देखिन्छन् । पोलियो खोप लगाएर पोलियोबाट बच्न सकिन्छ भने यसले बच्चालाई जीवनभर जोगाउन सक्छ ।

खामा प्रेसले सार्वजनिक गरेको तथ्यांकअनुसार यस वर्षको सुरुदेखि नै अफगानिस्तानमा २० भन्दा बढी र पाकिस्तानमा २४ वटा पोलियोका घटनाहरू रेकर्ड भइसकेका छन्। यसअघि, डब्ल्युएचओका क्षेत्रीय निर्देशक डा. अहमद अल-मन्धारीले 'अफगानिस्तान र पाकिस्तानले मिलेर काम गर्नुपर्ने उल्लेख गरेका थिए । यद्यपि, प्रयासहरू कम भई सीमाको वरिपरि तनावले अफगानिस्तान र पाकिस्तान दुवैमा रोगविरूद्धको चिकित्सकीय हस्तक्षेप र प्रयासहरूलाई ओझेलमा पारेको छ ।'

युनिसेफ र डब्ल्युएचओजस्ता विभिन्न संस्थाहरूको नेतृत्वमा विश्वव्यापी पोलियो उन्मूलन प्रयासले पोलियो संक्रमणका घटनामा उल्लेखनीय सुधार भने आएको छ । *रासस/एएनआई*

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १६०९०० | प्रति तोला – ० | प्रति तोला – १९५० |



**दशैं मनाउन घर फिर्ता** | दसैं, तिहार मनाउन बारेकोट–४ चाखुरेपाटनबाट भेडा लिएर घरतर्फ फर्किंदै बारेकोटवासी । चरिचरनका लागि उनीहरूले भेडीगोठ चाखुरेपाटन ल्याएका थिए ।
*तस्बिरः हेमन्त केसी/रासस*

# पेट्रोलियम पाइपलाइन निर्माणका लागि सम्झौता




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल र भारतबीच दुई महत्वपूर्ण पेट्रोलियम पाइपलाइन निर्माणसम्बन्धी द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ । बिहीबार राजधानीमा आयोजित समारोहमा नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्ट र इण्डियन आयल कर्पोरेसन लिमिटेडका निर्देशक सेन्थल कुमारले सम्झौतामा हस्ताक्षर गरे ।

उक्त अवसरमा भारतीय पेट्रोलियम तथा नेचुरल ग्यास मन्त्रालयका सचिव पंकज जैन तथा इण्डियन आयल कर्पोरेसनका अध्यक्ष भिसतिस कुमारको उपस्थिति रहेको नेपाल निगमले जनाएको छ ।

सम्झौता अनुसार भारतको सिलिगुडीबाट नेपालको झापास्थित चारआलीसम्म ५० किलोमिटर लामो पेट्रोलियम पाइपलाइन निर्माण हुनेछ । साथै चारआलीमा १८ हजार नौ सय किलोलिटर क्षमताको 'स्मार्ट ग्रिनफिल्ड टर्मिनल' निर्माण हुनेछ । यस्तै, अमलेखगञ्जबाट चिवनको लोथरसम्म ६२ किमी लामो पेट्रोलियम पाइपलाइन परियोजना पनि भारत सरकारको अनुदानमा निर्माण हुने जनाइएको छ । लोथरमा ९१ हजार नौ सय किलोलिटर क्षमताको स्मार्ट ग्रिनफिल्ड टर्मिनल भारत सरकारको प्राविधिक सहयोगमा नेपाल आयल निगमले निर्माण गर्नेछ । ती आयोजनाको कुल लागत रु १५ अर्ब बराबर रहेको निगमले जनाएको छ ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणका क्रममा ती आयोजना अगाडि बढाउने सहमति भएको थियो । यसअघि नेपाल र भारतबीच अन्तर देशीय पहिलो पेट्रोलियम पाइपलाइन मोतिहारी-अमलेखगञ्ज भदौ २०७६ मा उद्घाटन भई सञ्चालनमा छ । यो पाइपलाइनको लम्बाइ ६९.१ किलोमिटर छ ।

# 'कृषि उत्पादनको सरकारले बजारीकरण गर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले कृषकले उत्पादन गरेका वस्तुको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत खरिद गरेर सरकारले बजारीकरण गर्ने बताएका छन् ।

'ह्याण्डीक्राफ्ट, मेड इन नेपाल, मेक इन नेपाल' भन्ने मूल नारा का साथ भृकुटीमण्डपमा बिहीबारदेखि सुरु भएको हस्तकलाका सामग्रीको प्रवर्द्धन गर्ने उदेश्यले आयोजित तीन दिने हिमालयन इन्टरनेशनल एक्स्पोको उदघाटन समारोहमा उनले नेपाली कृषकले उत्पादन गरेका हरेक वस्तुको बजारीकरणका लागि वाणिज्य मन्त्रालयबाट छिट्टै कार्यविधि बनाएर खरिद प्रक्रिया थालिने बताए ।

केही समययता जुम्लालगायतका जिल्लामा स्याउको बिक्री नभएर बोटमै सड्न थालेको भनेर हल्ला फिजाइएपछि सरकारले त्यसको बजारीकरण गर्न चाँसो देखाउँदा त्यहाँका स्याउका बोट नै पहिल्यै व्यापारीले ठेक्कामा किनिसकेको जानकारी प्राप्त भएको मन्त्री भण्डारीले बताए ।

'सरकारले कृषकलाई प्रोत्साहित गर्न उनीहरूले उत्पादन गरेका खाद्य पदार्थ तथा वस्तुको बजारीकरण गर्ने तयारी गरिरहेको छ, अहिले पनि कर्णालीको सिमी र मार्सी चामललगायत वस्तु खरिद गरेर खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बजारीकरण गरिरहेको छ, अब कम्पनीले हिमाली तथा पहाडी जिल्लाका किसानलाई प्रोत्साहित गर्न अन्यत्र बिक्री हुन नसकेका वस्तु खरिद गर्नेछ', उनले भने ।

यस्तै मन्त्री भण्डारीले नेपाली उत्पादनको निर्यात वृद्धि गरी आर्थिक समृद्धिको दिशातर्फ अगाडि लैजान यो प्रदर्शनीले महत्वपूर्ण भुमिका खेल्ने भनाइ राखे । उक्त एक्स्पोबाट हस्तकलासँग सरोकार राख्ने लघु तथा मझौला उद्यमीका लागि लगानी र व्यापार दुवैको अवसरसमेत सिर्जना भएको उनको भनाइ छ ।

उनले नेपाली उत्पादनको उपभोग गर्नुपर्नेमा जोड दिए । मन्त्री भण्डारीले भने, 'उद्योग मन्त्रालयले अहिले स्वदेशी वस्तुको उपभोगलाई अनिवार्य गराउने अभियानअनुसार स्वदेशी वस्तुको उपभोगका विषयमा कार्यविधि बनाइरहेको छ, कार्यविधिले पहिलो चरणमा सरकारी निकायबाट स्वदेशी वस्तुको उपभोग अभियानको सुरुआत गरेर विस्तारै देशव्यापी बनाइने छ, कार्यविधि लगभग अन्तिम चरणमा छ ।'

यस्तै मन्त्री भण्डारीले अन्तर ाष्ट्रियस्तरको प्रदर्शनी स्थलको आवश्यकता औंल्याउँदै निजी क्षेत्रसँगको सहकार्यमा प्रदर्शनीस्थल निर्माण गर्न सरकार तयार रहेको बताउनुभयो । साथै उनले निजी क्षेत्रसँगकै सहकार्यमा जिर्ण एवं बन्द अवस्थामा रहेका देशका उद्योग तथा कलकारखाना सञ्चालन गर्न सरकारले पहल गरिरहेको बताए ।

कार्यक्रममा सांसद ज्ञानेन्द्र शाही र गणेश पराजुली, नेपाल उद्योग वाणिज्य महासंघका सदस्य डा रामशरण थपलियालगायत वक्ताहरूले स्वदेशी वस्तुको उपभोगमा जोड दिँदै बन्द अवस्थामा रहेका उद्योग सञ्चालन गरिनुपर्ने र युवा जनशक्ति पलायन रोक्नुपर्नेमा जोड दिए ।

## च्याङग्राको मूल्य घट्यो

**म्याग्दी (प्रस)–** दसैं पर्वका लागि मुस्ताङबाट ल्याइएको च्याङग्राको मूल्य यसपटक सस्तो भएको छ । च्याङग्राको संख्या बढेको र विगतका वर्षमा बजारमा ल्याएको च्याङग्राको मूल्य महंगो हुँदा व्यापार नभएपछि यसपटक कृषकहरूले नै बिक्री मूल्य घटाएका हुन् ।

गत वर्ष खोरमै प्रतिगोटा ४० हजार भन्दा बढी मूल्य तिरेर च्याङग्रा खरिद गरेका व्यापारी टसी छेवाङ गुरुङले यसपाली ३० देखि ३३ हजारमा किसानबाट खरिद गरेको बताए । 'ठाउँ अनुसार पाँच देखि १० हजार कम मूल्यमा च्याङग्रा खरिद भएकाले बिक्री गर्ने मूल्य पनि घटाएका हौं,' उनले भने 'गत वर्ष काठमाडौं पोखरामा प्रतिगोटा रु. ५५ हजारसम्म परेको च्याङग्राको मूल्य यसपाली रु. ४५ हजार भन्दा कम हुन्छ ।' गत वर्ष बजारमा ल्याएको च्याङग्रा महंगी हुँदा बिक्री नभएर व्यापारीले नोक्सान व्यहोरेको गुनासो गरेका थिए ।

छेवाङ सहित डोल्पाका चार जना व्यापारीले मुस्ताङ हुँदै पाँच दिन हिडेर दुई सय ५० च्याङग्रा बिक्री गर्न पोखरा लैजानका लागि बुधबार म्याग्दीको घोडेपानी पुगेका छन् । मुस्ताङका साथै डोल्पा र मुगुबाट ल्याइएका च्याङग्राहरू दसैमा बिक्रीका लागि म्याग्दी हुँदै देशका विभिन्न सहर बजारमा पुग्न थालेका छन् । म्याग्दी, कास्की, पर्वत, बागलुङ, काठमाडौं लगायत ठाउँबाट च्याङग्रा खरिद गर्नका लागि व्यापारीहरू मुस्ताङ पुगेर फर्किन थालेका हुन् ।

# दसैंमा पनि आर्या न्युरोमा २४ सै घण्टा सेवा


■ प्रभाव संवाददाता

**विराटनगर–** विराटनगर महानगरपालिका वडा नं. ३ कन्चनबारीस्थित आर्या न्यूरो हस्पिटलमा वडा दशैंमा पनि २४सै घण्टा विशेषज्ञ सेवा उपलब्ध हुने भएको छ ।

चाडपर्वमा अस्पतालहरूमा विशेषज्ञ चिकित्सक नहुँदा विरामीले हैरानी भोग्नु परेको अवस्थालाई मध्यनजर गर्दै आर्या न्यूरो हस्पिटलले २४ सै घण्टा विशेषज्ञ सेवा उपलब्ध गराउने भएको हो ।

दशैं, तिहार, नेपाल सम्वत, छठलगायतका पर्वहरूमा पनि अस्पतालले विशेषज्ञ सेवाहरू उपलब्ध राख्ने अस्पतालका निर्देशक दिनेश ठाकुरले बताए । 'आर्या न्यूरोले गुणस्तरीय तथा भरपर्दो सेवाहरू उपलब्ध गराउँदै आएको छ ।

दशैं, तिहार जस्तो पर्वहरूमा विशेषज्ञ चिकित्सक नहुने समस्या प्राय जसो हरेक




चाडपर्वहरूमा हुने गर्छ । त्यही भएको कारणले हामीले चाडपर्वहरूमा पनि विरामीलाई भरपर्दो विशेषज्ञ सेवाहरू उपलब्ध गराउने उद्देश्यले सेवा सुचारु राख्ने भएका हौं,' निर्देशक ठाकुरले भने । न्यूरो सम्बन्धी उपचारमा अब्बल सावित भएको आर्यामा टाउको, मेरुदण्ड, हाडजोर्नी तथा नशा सम्बन्धी सम्पूर्ण स्वास्थ्य उपचार सेवाहरू उपलब्ध रहेको छ । अस्पतालका वरिष्ठ न्यूरो सर्जन तथा प्रबन्धक निर्देशक डा। पंकजराज नेपालसहितको टिमले न्यूरो सम्बन्धी सम्पूर्ण उपचार सेवाहरू प्रदान गर्दै आएका छन् ।

### निःशुल्क न्यूरो ओपीडि

अस्पतालले चाडपर्वको अवसर पारेर छुट योजना पनि ल्याएको छ । निःशुल्क न्यूरो ओपीडि सेवाको साथै जाँचहरूमा पनि छुट ल्याएको छ । अस्पताल आएका ज्येष्ठ नागरिकहरूको लागि जाँचमा १५ प्रतिशत र अन्य विरामीहरूको लागि १० प्रतिशत छुट हुने भएको अस्पतालले जनाएको छ । ओपीडि निःशुल्क र जाँचहरूमा छुटले विरामीलाई उपचारमा सहयोग पुग्ने उद्देश्यले यस्तो योजना लिएर आएको अस्पतालकी अध्यक्ष डा. अर्चना चौधरीले जानकारी दिइन् ।

वैदेशिक रोजगारमा जाँदा ध्यान दिनुपर्ने कुराहरू:

- जान चाहेको देशको भाषा, कानुन र त्यहाँको संस्कृतिको आधारभूत जानकारी राखौं ।
- वैदेशिक रोजगारमा जाँदा प्रचलित कानूनबमोजिम श्रम स्वीकृति लिएर मात्र जाऔं ।
- नेपालको वैदेशिक रोजगारसम्बन्धी कानुनहरूको आधारभूत जानकारी राखौं ।
- सीप सिकेर मात्रै वैदेशिक रोजगारीमा जाऔं ।
- वैदेशिक रोजगारमा जानुअघि रोजगारदाता कम्पनीले दिने सेवा, सुविधा र लाग्ने खर्च यकिन गरेर मात्रै जाऔं ।
- वैदेशिक रोजगारमा जाँदा भिजिट भिषामा नभई रोजगार भिषामा जाऔं ।
- वैदेशिक रोजगारमा हुने ठगीबाट बच्न बिचौलियाबाट सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ